पर्यटकीय राजधानीको अनुभूति हुनेगरी... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २६ • अंक १३१ • २०८१ साल आश्विन ११ गते शुक्रबार (27 September, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## प्राकृतिक विपद्को संकेत, सतर्क रहन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले मधेश प्रदेशको पर्सा, सप्तरी र सिरहालाई विपत् जोखिममा राखेको छ । चार दिनसम्म भारी वर्षा, हावाहुरी, बाढी पहिरो आउन सक्ने मौसम तथा जलवायु विज्ञान विभागले भविष्यवाणी गरेपछि सरकारले देशका ५६ जिल्लालाई 'रेड अलर्ट' मा राखेको छ ।

वर्ष, बाढी र हुरीबतासबाट मधेश प्रदेशको सप्तरी, सिरहा र पर्सा जिल्ला 'रेड अलर्ट'मा छ । सरकारले मधेशका जिल्लाहरुमा भारी वर्षाको कारण पानीको सतह बढन सक्ने र बाढी वस्तीमा पस्ने संभावनालाई दृष्टिगतगरि भुइँतल्लामा खाद्य सामग्री नराख्न समेत सुरक्षा निकायले आग्रह गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले भने ५६ जिल्लामध्ये धनुषामा पनि बाढी तथा विपत्को जोखिम रहेको भन्दै बिहीबार बसेको बैठकबाट पूर्वतयारीका लागि नेपाली सेनाको टोलीलाई हाइ अलर्टमा रहन भनेको छ ।

त्यस्तै राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शुक्रबार र शनिबार रात्रिकालिन बस नचलाउन आग्रह गरेको छ ।

जनकपुरधामसहित मधेश प्रदेशबाट चल्ने दिवा तथा रात्रीकालिन बससेवा समेत बन्द हुने भएको छ ।

हाल देशभर मनसुनी वायुका साथै बङ्गालको खाडीमा विकसित भएको न्यून चापीय प्रणालीको प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले बिहीबारदेखि आइतबारसम्म चार दिन भारी वर्षाको जोखिम रहेको जनाएको छ ।

त्यसैले वर्षाको उच्च जोखिम रहेका हिमाली र पहाडी जिल्लाहरूमा शुक्रबार र शनिबार अर्थात् असोज ११ र १२ गते रात्रिकालिन बस नचलाउन प्राधिकरणले आग्रह गरेको छ ।

### रेल डुबाउन आर्थिक खेल

## गलत प्रचारबाजी गर्दै महाप्रबन्धक नै डुबाउन सक्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनको प्रक्रिया अन्तिम चरणमा रहेको र चाँडै सञ्चालनमा आउने बताएका छन् ।

जनकपुरधामको रेल्वे स्टेसनमा बिहीबार पत्रकार सम्मेलन गर्दै मन्त्री दाहालले नेपाल रेल्वेलाई समयसापेक्ष सुविधा सम्पन्न बनाउन र मुनाफामा पुऱ्याउनका लागि नेपाल सरकारले विभिन्न योजना ल्याउन लागेको जानकारी दिए । 'नेपाल रेल्वेको वासिङ सेन्टर निर्माणको प्रक्रिया अगाडि बढाइएको छ, वासिङ सेन्टर निर्माणसँगै केही हदसम्म घाटामा कमी आउँछ ' उनले भने, आगामी दिनमा कार्गो रेलसेवा समेत सञ्चालन गर्ने हाम्रो तयारी छ ।'

घाटामा सञ्चालन भइरहेको रेललाई मुनाफा लान सरकार गम्भीर रहेको मन्त्री दाहालले बताए । निर्माण भएका तथा निर्माणाधीन सडक सञ्जालका साथै नेपाल रेल्वेको निरीक्षणका लागि जनकपुरधाम आइपुगेका मन्त्री दाहालले नेपालको 'ड्रिम प्रोजेक्ट' रेल सेवालाई महोत्तरीको बर्दिबाससम्म सञ्चालन गर्ने प्रयास भइरहेको बताए ।

नेपालमा सञ्चालनमा रहेको एकमात्र कुर्था-जनकपुरधाम-जयनगर रेल सेवालाई डुबाउन महाप्रबन्धक निरञ्जन झा र भारतीय रेल कम्पनी कोकणका इनायत हुसेन मिलेमतो गरी दुई वर्ष बितिसक्दा पनि नेपालीलाई प्राविधिक प्रशिक्षण दिएको छैन । भारतीय कर्मचारीहरुको कारण रेललाई ठूलो आर्थिक क्षति भइरहेको छ ।

त्यस्तै रेल्वे मैनेजर एलएस मिनाले दुई वर्षमा नेपालीलाई प्राविधिक ज्ञान दिन असफल भएपछि उनलाई विस्थापित गरेर डीजीएम राजेश हम्बललाई



कोकणले जिम्मेवारी दिएको छ । जयनगरमा नेपाल रेल्वेको प्राविधिक पक्ष सहित सञ्चालनको जिम्मेवारी पाएका मैनेजर एलएस मिनाको कारण रेल थप घाटामा छ । उनी जयनगरमा मात्र बस्छन् । दिनभरमा त्यहाँ रेल तीन पटक मात्र जाने भएकाले उनको काम नै छैन । उनको तलब र सुविधा नै हटाइएमा रेललाई ठूलो आर्थिक बचत हुनेछ ।

भारतको सीमावर्ती जयनगर स्टेशनमा नेपाल रेल्वेमा एकजना टिकट काट्ने बाहेक अन्य कर्मचारीहरु नेपाली छैनन् । रेलसँगै इनर्वा स्टेशनबाट सशस्त्र प्रहरीका दुई जना सुरक्षाकर्मी जयनगरसम्म जाने र फर्किने क्रममा रेलको झ्याल बन्द गर्ने बाहेक ब्लेकियाले ल्याउने मालसमानको निगरानी बाहेक केही काम गर्दैनन् ।

रेलका टीटीले कतिजना बसेको र कति जना कहाँसम्म जाने मिलाउँदैनन् । उनले टिकट हेर्ने बाहेक अन्य काम गर्न सक्ने ज्ञान हालसम्म पाएका छैनन् । टीटीहरु पनि करारमा नियुक्त कर्मचारी हुन् । महाप्रबन्धक झाको दोस्रो कार्यकाल चलिरहेको छ ।

हालको रेलमा मालवाहक बोगी जोड्ने प्रविधि छैन । त्यसका लागि अलग्गै इञ्जिनको व्यवस्था गर्नुपर्ने प्राविधिकहरुको कथन छ ।

जयनगर-जनकपुर हुँदै महोत्तरीको बिजलपुरा पुग्ने रेललाई बर्दिबाससम्म चलाउन पहल भइरहेको मन्त्री दाहालको भनाइ थियो । मुआब्जा विवादका कारण बर्दिवाससम्म रेलसेवा सञ्चालनमा ढिलाइ भइरहेको उनले बताए ।

रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले रेल्वेमा कर्मचारी अभाव हटाउन छिट्टै स्थायी कर्मचारी भर्ना गर्ने, स्टेसनहरुको क्षमता विस्तार गर्ने, पूर्वाधार निर्माण गर्ने तथा जनकपुरधामदेखि अयोध्यासम्म रेल सेवा सञ्चालनका लागि तयारी अन्तिम चरणमा रहेको बताए ।

झाले पटक पटक जनकपुरधामबाट अयोध्यासम्म रेल गुडाउने बताए पनि त्यो रेल भारतीय रेल्वेको हुने अथवा नेपाल रेलवेको त्यो प्रष्ट गर्दैनन् । तर यस अघि उनले जनकपुरधामबाट अयोध्याका लागि टिकट काटेको रेल भारतीय रेलवेको थियो । हाल त्यो रेल दरभंगाबाट अयोध्या सञ्चालन भइरहँदा यात्रुको अभाव भइरहेको छ ।

महाप्रबन्धक झाले सुरक्षाकर्मीहरुसित समेत सेटिंग गरी तस्करहरुलाई लाभ पुऱ्याइरहेका छन् । त्यस बापत उनले मोटो रकम असुल गर्दै आएका छन् । करार कर्मचारीलाई भर्ना गरेर उनले अतिरिक्त लाभ लिने गरेको आरोप लाग्दै आएको छ ।

कोकण रेल्वेसित भएको सम्झौता अनुसार १ वर्ष सम्म रेल सञ्चालन र नेपाली जनशक्तिलाई दक्ष बनाएर सञ्चालन हस्तान्तरण गर्ने रहेको थियो । तर तेस्रो वर्षका लागि सम्झौता हुँदा पनि नेपाली जनशक्तिले रेलको इञ्जिनमा प्रवेश पाएका छैनन् ।

नेपाल रेल्वे कम्पनीले गत आर्थिक वर्ष ०८०/०८१ मा ७ करोड ७५ लाख रुपैयाँभन्दा बढी कारोबार गरेको जनाए । गत वर्ष १५ लाखभन्दा बढी यात्रुलाई सवारी सेवा प्रदान गरिएको थियो । भारतीय सीमावर्ती जयनगरदेखि मधेश प्रदेशको राजधानी जनकपुरधाम हुँदै महोत्तरीको भंगहासम्म हाल सञ्चालन हुँदै आएको रेलसेवाबाट गत आर्थिक वर्षमा नौ लाख नेपाली र ६ लाख बढी भारतीय नागरिकले सेवा लिएका थिए ।







# न्युयोर्कमा परराष्ट्रमन्त्रीको व्यस्त कार्यसूची

वासिङ्टन डिसी । संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा भाग लिनेक्रममा न्युयोर्क आउनुभएकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवा राष्ट्रसङ्घीय कार्यक्रमसहित द्विपक्षीय तथा बहुपक्षीय भेटघाटमा व्यस्त हुनुहुन्छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गर्नुभएको भ्रमण टोलीमा सहभागी हुन परराष्ट्रमन्त्री डा राणा यही 'सेप्टेम्बर २१ तारिख'का दिन क्यानाडाबाट न्युयोर्क आइपुग्नुभएका हो । उहाँ क्यानाडामा आयोजित विश्वका महिला विदेशमन्त्रीहरुको बैठकमा सहभागी भएर न्युयोर्क आएपछि व्यस्त कार्यसूचीका बीच आन्तरिक भेटाघाट, छलफलमा खटिरहनुभएको छ । प्रधानमन्त्री ओलीले नेतत्व गर्नुभएको भ्रमण टोलीमा परराष्ट्रमन्त्रीका हैसियतले डा राणा राष्ट्रसङ्घसम्बद्ध विभिन्न कार्यक्रमका अतिरिक्त द्विपक्षीय एवं बहुपक्षीय भेटघाटमा व्यस्त हुनुहुन्छ ।




विशेषगरी नेपालका मुख्य विकास साझेदार देशका प्रमुख तथा प्रतिनिधिहरुसँगको भेटघाट तथा छलफल कार्यक्रमले प्राथमिकता पाएको देखिन्छ । साथै न्युयोर्कमा रहँदा उहाँले विभिन्न देशका विदेशमन्त्रीहरुसँग द्विपक्षीय भेटवार्तासहित केही देशसँग नेपालका तर्फबाट समझदारी पनि गरिरहनुभएको छ ।

साधारणसभाका अवसरमा न्युयोर्कमा आयोजना भएका महिला सशक्तीकरण, प्रजनन स्वास्थ्य तथा महिला नेतृत्व, जलवायु परिवर्तन एवं अतिकम विकसित राष्ट्रहरुका फोरममा उहाँको सक्रिय सहभागिता रहेको छ । परराष्ट्रमन्त्री डा राणाले नेपालले संवैधानिक रूपमा व्यवस्था गरेको महिला अधिकारदेखि सरकारले हालै पारित गरेको सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनका साथै गत वर्षको अक्टोबरमा हमास विद्रोहीले अपहरण गरेका नेपाली नागरिक विपीन जोशीको रिहाइका लागि विश्वको ध्यानाकर्षण गराइरहनुभएको छ ।

मन्त्री डा राणाले महिलाको प्रजनन अधिकारसम्बन्धी फोरममा दिनुभएको सम्बोधनले यहाँ उपस्थित विश्वका महिलाहरुको ध्यानाकर्षण गर्न सफल भएको थियो । सम्बोधनका क्रममा नेपालमा महिलाको प्रजनन अधिकार तथा सुरक्षित मातृत्वका क्षेत्रमा गरेका कामको जानकारीले सहभागीहरू निकै उत्साहित भएका थिए ।

विकसित देशहरुमा समेत अझै पनि गर्भपतनका कारण ज्यान गुमाउनुपर्ने अवस्था रहेकाले हामीहरु हाम्रो संविधानमा नै महिलाको अधिकारका लागि संवेदनशील विषयलाई सम्बोधन गराउन सफल भएका छौँ भनेर उहाँले दिनुभएको जानकारी यहाँका धेरै महिला नेतृत्वका लागि प्रेरणा बनेको उनीहरुको भनाइ थियो ।

मन्त्री डा राणाले राष्ट्रसङ्घका उपमहासचिवहरुसँग विभिन्न विषयमा छलफल गर्नुभएको थियो । खासगरी राष्ट्रङसङ्घीय शान्ति स्थापना अभियानमा खटिने नेपाली सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन उहाँले गर्नुभएका उच्चस्तरीय भेटवार्ताहरु महत्वपूर्ण रहेका छन् । उहाँले शान्ति मिसनसँग सरोकार राख्ने राष्टसङ्घका उपमहासचिव जाँ पिय लाख्वासँग भेट गर्दा पनि यी विषयलाई उच्च प्राथमिकताका साथ उठाउनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

अल्पविकसित देशहरुका तर्फबाट परराष्ट्रमन्त्री डा राणाले 'जी २०' का विदेश मन्त्रीहरुको बैठकमा पनि आफ्ना धारणा राख्ने अवसर प्राप्त गर्नुभएको थियो । विश्वका धनी राष्ट्रहरुका बीचमा उहाँले राख्नुभएको विचारले विकासशील राष्ट्रहरुका लागि लाभ पुग्ने अपेक्षा गरिएको छ । नेपालले कम विकसित देशहरुको समूहको अध्यक्षका हैसियतले उक्त फोरम प्राप्त गरेको हो ।

यसैगरी, मन्त्री डा राणाले 'सोसलिष्ट इन्टरनेसनल'को फोरममा पनि आफ्नो मन्तव्य राख्दै सो सङ्गठनको मान्यताबमोजिम नै समानता तथा सामाजिक न्याय प्राप्त गर्ने अवसरबाट विश्वका कोही पनि वञ्चित हुन नपर्ने धारणा व्यक्त गर्नुभएको थियो । जसलाई उपस्थित सहभागी नेताहरूले सरहाना गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय मञ्चहरुमा सहभागी विभिन्न देशका कूटनीतिज्ञ तथा उच्च पदस्थ अधिकारीहरुबीच भएका छलफलमा उठेका जिज्ञासालाई सम्बोधन गर्दै नेपालको 'एजेन्डा'मा उनीहरुको मत समावेश गराउने काम उहाँले गर्नुभएको छ । उहाँले आफ्ना प्रस्तुति राख्दा समयको पाबन्दीको ख्याल गर्दै बैठक, छलफल तथा भेटघाटमा उपलब्ध समयको अधिकतम सदुपयोग गरिरहनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री ओली नेतृत्वको भ्रमण टोलीमा रहनुभएकी परराष्ट्रमन्त्री डा राणाले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, स्पेनका प्रधानमन्त्री पेडो सान्चेज, कुवेतका राजकुमार तथा प्रधानमन्त्री शेख सवहसँग भेट गर्नुभएको थियो । यसैगरी नेपालको विकासमा महत्वपूर्ण साझेदारी गर्दै आएको देश फिनल्यान्डका विदेशमन्त्री भिल्ले ताविओसँग पनि भेट गरेर ५० वर्षको सम्बन्धलाई सिंहावलोकन गर्नुभयो ।

उहाँले इन्डोनेसिया र सर्वियासँग कूटनीतिक तथा सरकारी सेवाका पासपोर्ट वाहकलाई भिसा निःशुल्क दिनेसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो भने बुरुण्डीका विदेश मन्त्रीलाई भेटेर द्विपक्षीय सम्बन्धका विविध आयामहरुमा छलफल पनि गर्नुभयो । त्यस्तै, नेपाललाई हाल महत्वपूर्ण रोजगारीको गन्तव्य प्रदान गरिरहेको दक्षिण कोरियासँगको सम्बन्धका बारेमा त्यहाँका विदेशमन्त्रीसँग भेटेर छलफल गर्नुभयो ।

उल्लिखित द्विपक्षीय तथा बहुपक्षीय भेटघाटका अवसरमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्य र मानवअधिकार परिषद्मा नेपालले दिएको उम्मेदबारको पक्षमा सहयोग गर्न डा राणाले आग्रह गर्नुभएको छ । नेपालले कुनै पनि अन्तर्राष्ट्रिय मञ्चमा उमेदवारी दिएर चर्चा कमाउने मात्र नभई जितका लागि अधिकतम कूटनीतिक पहल गर्नुपर्छ भन्ने सोचका साथ नेपालका पक्षमा मत मागिरहनुभएको परराष्ट्र मन्त्रालयको सचिवालयले जनाएको छ । रासस

# सुरक्षित वस्ती विकासका लागि सुरक्षित भवन निर्माण आवश्यक छ : गृहमन्त्री लेखक




काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सुरक्षित वस्ती विकासका लागि सुरक्षित भवन निर्माण आवश्यक भएको बताउनुभएको छ ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) द्वारा आज राजधानीमा आयोजित 'सिकाइ आदान-प्रदान कार्यशाला'लाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले २०७२ सालको गोरखा भूकम्पबाट पाठ सिक्दै नेपालले भवन संहितामा समयसापेक्ष परिमार्जन गरेको जानकारी दिनुभयो । उहाँले परिमार्जित भवन संहिताको प्रभावकारी कार्यान्वयनका लागि हरेक स्थानीय तहमा प्राविधिक जनशक्तिको क्षमता विकास गर्नु आवश्यक रहेकामा जोड दिनुभयो ।

संविधानले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई सङ्घ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीमा सूचिकृत गर्दै तीनवटै तहका सरकारको समन्वय तथा सहकार्यमा अगाडि बढ्नुपर्ने व्यवस्था गरेको उल्लेख गर्दै गृहमन्त्री लेखकले संविधानले विपद् व्यवस्थापनका सन्दर्भमा स्थानीय तहहरुलाई विशेष जिम्मेवारी प्रदान गरेको र सो अनुसार तीनवटै सरकारले आ-आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको बताउनुभयो ।

"विपद व्यवस्थापनका क्षेत्रमा सरकारी क्षेत्रका साथै गैह्रसरकारी क्षेत्रअन्तर्गतका विभिन्न सङ्घ, संस्थाहरुले समेत आ-आफ्नो भूमिका निर्वाह गर्दै हातेमालो गरिरहेका छन्", उहाँले भन्नुभयो, "युएसएआइडीको सहयोगमा सञ्चालित ' तयार नेपाल' परियोजनाले विपद् जोखिम न्यूनीकरण एवं वस्थापनका क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहमा महत्वपूर्ण योगदान पुर्‍याएका छन् ।"

गृहमन्त्री लेखकले 'सबल प्रणाली' स्थापना गर्ने सन्दर्भमा बहु-निकायसँगको सहकार्य तथा निर्देशनमा विभिन्न नीति, निर्देशिका, कार्यविधि, सङ्गठन संरचना तथा कार्यढाँचा बनाउन परियोजनाबाट सहयोग समेत भएको बताउनुभयो । परियोजनाले सङ्घलगायत आठ स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन क्षेत्रको संस्थागत विकासमा पुर्‍याएको योगदानको उहाँले प्रसंशा गर्नुभयो ।

अमेरिकी सरकारले 'तयार नेपाल' परियोजनामार्फत उपलब्ध गराएको सहयोगका लागि गृहमन्त्री लेखकले धन्यवाद दिनुका साथै आगामी दिनमा समेत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा थप सहयोगको अपेक्षा गरेको उल्लेख गर्नुभयो ।रासस

## सुरक्षित गर्भपतन सेवा दिवसः
# मातृमृत्युदरमा सुधार हुँदै

काठमाण्डु । विहिबार दशौँ राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवस विविध कार्यक्रम गरी मनाइँदैछ । विसं २०५९ मा तत्कालीन मुलुकी ऐनको ११औँ संशोधनबाट गर्भपतनलाई कानुनी मान्यता दिइएको दिनको सम्झनामा विहिबार यो दिवस मनाउन थालिएको हो ।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले गर्भपतनलाई महिलाको अधिकारका रुपमा स्थापित गरी सेवा विस्तार गरेको २२ वर्षको अवधिमा महिलाको प्रजनन स्वास्थ्यमा प्रगति हुँदै गएको बताउनुभयो ।

"नेपालमा प्रतिएक लाख जीवित जन्ममा सन् १९९६ मा पाँच सय ३९ मातृमृत्युबाट सन् २०२१ मा एक सय ५१ मा झारेर उल्लेख्य सुधार गर्न सफल भएका छौँ । सन् २०३० सम्म ७० जनामा मातृमृत्युदर झार्ने लक्ष्य लिएका छौँ", उहाँले भन्नुभयो । डा लालले असुरक्षित गर्भपतनका कारण महिलाहरुको स्वास्थ्यमा हुने प्रजनन रुग्णताको न्यूनीकरण गर्न पनि सफल भएको बताउनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा एक लाख पाँच हजार महिलाले सूचीकृत स्वास्थ्य संस्थाहरुबाट सुरक्षित गर्भपतन सेवा लिएका छन् ।




दश हप्तासम्मको औषधीको प्रयोगद्वारा गरिने गर्भपतन सेवाका लागि एक हजार छ सय ८३ स्वास्थ्य संस्था र चार हजार दुई सय ३५ स्वास्थ्यकर्मी, १० हप्तासम्मको औषधीको तथा उपकरणको सहायताद्वारा गरिने गर्भपतनका लागि सात सय ३० स्वास्थ्य संस्था र एक हजार चार सय १९ स्वास्थ्यकर्मी, १२ हप्तासम्मको उपकरणको सहायताद्वारा गरिने गर्भपतनका लागि तीन सय ५० स्वास्थ्य संस्था र दुई हजार आठ सय ६० चिकित्सिक तथा स्वास्थ्यकर्मी र १२ हप्ताभन्दा माथिको गर्भपतन सेवाका लागि ६३ वटा स्वास्थ्य संस्था र एक सय ८७ जना चिकित्सकलाई सूचीकृत गरिएको परिवार कल्याण महाशाखाका निर्देशक डा लालले जानकारी दिनुभयो ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५ र नियमावली, २०७७ ले सूचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा, परामर्श तथा प्रेषण, गर्भपतन पश्चात् सेवा तथा आवश्यक परामर्श र परिवार नियोजन सेवालाई आधारभूत स्वास्थ्य सेवामा परिभाषित गरेको छ । रासस

# 'वैदेशिक नीतिमा लैङ्गिक समानताको आवश्यकता बढ्दो'

काठमाण्डु । वर्तमान अवस्थामा वैदेशिक नीतिमा लैङ्गिक समानताको आवश्यकता बढ्दै गएको सरोकार भएकाले बताएका छन् ।

कन्सोर्टिम अफ साउथ एसियन थिङ्क टयाङ्कको आयोजनामा काठमाडौँमा विहिबारदेखि सुरु भएको 'महिला र परराष्ट्र नीति' विषयक सार्कस्तरीय क्षेत्रीय सम्मेलनका सहभागीले कुटनीतिमा महिलाको समान सहभागिता, सीमान्तकृत समुदायको प्रतिनिधित्व तथा समृद्धिका लागि महिलावादी परराष्ट्र नीतिको खाँचो औँल्याउनुभयो ।

सहभागीहरुले विश्वमा समानता, न्याय, सद्भाव र शान्ति स्थापना गर्न लैङ्गिक समानतामूलक परराष्ट्र नीति आवश्यक भएको भन्दै त्यसका लागि आवश्यकताका आधारमा सकारात्मक विभेद्को नीतिसमेत अवलम्बन गर्न जरुरी रहेको बताउनुभयो ।लैङ्गिक न्याय स्थापना गर्न सकियो भने मात्रै परराष्ट्र नीति बलियो हुने उहाँहरुको धारणा थियो । महिलावादी परराष्ट्र नीतिले महिला अधिकार र स्रोतमा महिलाको पहुँचलाई सुनिश्चित गर्नेमा जोड दिइएको छ ।

विश्व भू-राजनीतिमा नारीवादी परराष्ट्र नीतिको महत्व बढ्दै गएको भन्दै यसले द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न सहयोग पुग्ने, सहकार्य समानतामा जोड दिने तथा निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउने उहाँहरुको विश्वास छ । सो क्रममा सहभागी तथा अतिथिले आआफ्नो देशको महिला सहभागिता र सरकारले लिएको नीतिका बारेमा पनि धारणा राख्नुभएको थियो । सम्मेलन उद्घाटनका क्रममा नेपालका लागि युरोपियन युनियनका राजदूत भेरोनिक लोरेञ्जोले निर्णय प्रक्रिया र शान्ति स्थापनाका लागि महिलाको सहभागिता महत्वपूर्ण हुने बताउनुभओे । उहाँले विदेशी नीतिमा लैङ्गिक सहभागिता स्थापित गर्न र कूटनीति विकासमा महिलाको प्रतिनिधित्व प्रवर्द्धन गर्न जरुरी रहेको औँल्याउनुभयो । उहाँले महिलाहरुको सहभागिता बढेमा विश्वमा उनीहरु संलग्नता र वार्तालापमा बढी जोड दिने हुँदा शान्ति स्थापनामा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

> कार्यक्रमका संयोजक निश्चल पाण्डेले हालै परराष्ट्रमन्त्री डा आरजु राणा क्यानडामा भएको महिला परराष्ट्रमन्त्रीको सम्मेलनमा सहभागी हुनुभएको र त्यहाँ गहन रुपमा यससम्बन्धी विषयले स्थान पाएको जानकारी दिँदै महिला र परराष्ट्र नीतिको विषय अहिले विश्वव्यापी महत्वपूर्ण मुद्दाको रुपमा आएको बताउनुभयो ।

संयुक्त राष्ट्र सङ्घ जेनेभाका लागि पूर्वनेपाली स्थायी प्रतिनिधि डा शम्भुराम सिंखडा, माल्दिभ्सका पूर्वउपसभामुख ईवा अब्दुल्ला, एसियाली राजनीतिक सम्वाद कार्यक्रम सिङ्गापुरका निर्देशन एड्रियास क्लेइनले संयुक्त राष्ट्र सङ्घलगायत सङ्घस्सथहरुमा महिला सभागिता बढाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रमका संयोजक निश्चल पाण्डेले हालै परराष्ट्रमन्त्री डा आरजु राणा क्यानडामा भएको महिला परराष्ट्रमन्त्रीको सम्मेलनमा सहभागी हुनुभएको र त्यहाँ गहन रुपमा यससम्बन्धी विषयले स्थान पाएको जानकारी दिँदै महिला र परराष्ट्र नीतिको विषय अहिले विश्वव्यापी महत्वपूर्ण मुद्दाको रुपमा आएको बताउनुभयो । त्यसैले पनि यो क्षेत्रीय कार्यक्रम आयोजना गरिएको भन्दै उहाँले परराष्ट्र नीति, अन्तरराष्ट्रिय सम्बन्ध, अन्तरराष्ट्रिय सुरक्षालगायत क्षेत्रमा महिला सहभागी हुन जरुरी रहेको औँल्याउनुभयो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# देशव्यापी रूपमा पार्टीप्रति जनआकर्षण बढ्यो :अध्यक्ष दाहाल

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारमा रहँदा सुशासन र भ्रष्टाचारविरुद्ध कडा कदम चालेका कारण देशव्यापी रुपमा पार्टीप्रति जनआकर्षण बढेको दाबी गर्नुभएको छ ।पार्टी सम्बद्ध अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)को विहिबारदेखि सुरु भएको २३औं राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उहाँले पार्टीप्रति बढेको आकर्षणलाई संस्थागत गर्दै आगामी निर्वाचनमा पहिलो पार्टी बन्नेगरी लाग्नुपर्ने बताउनुभयो ।

सरकारको नेतृत्व गर्दा ठूलाठूला भ्रष्टाचार र अनियमितताका विरुद्ध जेहाद नै छेडेको दाबी गर्दै उहाँले बाँसबारी जग्गा प्रकरण, बालुवाटार जग्गा फिर्तालगायत विषयमा लडाईं लडिएको उल्लेख गर्नुभयो । नक्कली भुटानी शरणार्थी प्रकरणमा इतिहासमै सरकारकोतर्फबाट ठूलो कारबाही गरिएको जानकारी दिँदै उहाँले विचौलिया र दलालविरुद्ध उभिँदा सरकारबाट बाहिर पठाइएको जिकिर गर्नुभयो ।सरकारबाट बाहिरिँदा विजयी भावमा जनताकासामु जाने अवसर प्राप्त भएको जानकारी दिँदै अध्यक्ष दाहालले नेपाली जनतालाई विश्वासमा लिएर आगामी निर्वाचनमा २०६४ कै जस्तो अवस्थामा पुऱ्याउनुपर्ने धारणा राख्नुभयो ।

विद्यार्थी सङ्गठन अखिल( क्रान्तिकारी)लाई बाघ सङ्गठनको सङ्ज्ञा दिँदै उहाँले भन्नुभयो, "हामीलाई अहिले सङ्ख्याको बलमा सरकारबाट हटाइएको छ । तपाईहरुको साथ भयो भने केही महिनामै परिस्थिति उल्ट्याइदिन सक्छौं । हामी सरकारबाट निक्लिँदै गर्दा तपाईंहरू सडकको बाघ म चाहिँ प्रतिनिधिसभाको सिंह भएर



निक्लेको छु । दुई तिहाइलाई रक्षात्मक पोजिसनमा धकेलेका छौं । हामी जीतका पक्षमा छौं ।" उहाँले भ्रष्टाचारविरुद्ध अभियान चलाएपछि सरकारबाट हटाइएको भए पनि जनताको तागतले लड्ने स्पष्ट पार्नुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "जनयुद्धमा पनि हामीलाई घेरा हालेर सखाप पार्ने षड्यन्त्र भएको थियो । हामीले घेरा तोड्ने र प्रतिवाद गर्ने रणनीति जनयुद्धमा पनि लियौं । अहिले शान्ति प्रक्रियामा आएपछि पनि हामीलाई कहीं न कहीं घेरा हाल्ने माओवादी आन्दोलनलाई सखाप पार्ने षड्यन्त्र हुँदै आएको छ । हामीले त्यसको घेरा तोड्दै आएका छौं ।"

प्रतिनिधिसभामा दुई ठूला

**अध्यक्ष दाहालले केही समयभित्रै वामपन्थी एकताको नयाँ समाचार सुन्न पाउने दाबी गर्नुभयो ।**

दल मिलेर जनताको बलिदानबाट प्राप्त भएको उपलब्धि उल्ट्याउने प्रयास भइरहेको आरोप लगाउँदै उहाँले सडकबाट प्रतिक्रियावादी शक्तिलाई झुकाउन सकिने उल्लेख गर्नुभयो ।अध्यक्ष दाहालले आफ्नो नेतृत्वको पहिलो सरकारले मध्यपहाडी राजमार्ग, उत्तरु दक्षिण करिडोर र मदन भण्डारी राजमार्गजस्ता पूर्वाधार विकासका क्षेत्रमा महत्त्वपूर्ण निर्णय लिएको जानकारी दिँदै तीमध्ये केही आयोजना सफलताको नजिक पुगेको बताउनुभयो ।

दोस्रो प्रधानमन्त्रीत्वकालमा इतिहासमै पहिलो पटक विद्युत्भार कटौती अन्त्य गरेको र नेपाली नागरिकलाई उज्यालो प्रदान गरेको तथा तेस्रो कार्यकालमा भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण काम गरेको तथ्यलाई नेपाली जनताकामाझ लैजान उहाँले विद्यार्थी सङ्गठनलाई आग्रह गर्नुभयो ।अध्यक्ष दाहालले केही समयभित्रै वामपन्थी एकताको नयाँ समाचार सुन्न पाउने दाबी गर्नुभयो । उहाँले आगामी केन्द्रीय समितिको बैठकले नयाँ इतिहास कायम गर्ने विश्वास व्यक्त गर्नुभयो । मुलुकमा देखापरेको राजनीतिक जटिलता हल गर्नेगरी सो बैठकले निर्णय गर्ने भन्दै अखिल (क्रान्तिकारी) को सम्मेलनले ठूलो अर्थ राख्नेसमेत स्पष्ट पार्नुभयो ।

अध्यक्ष दाहालले यसपटक विद्यार्थी सङ्गठनले पार्टीको नीति, विधि र प्रक्रियाभित्र रहेर स्वच्छ स्वयत्तताको अभ्यास गर्न आग्रह गर्नुभयो । जिल्ला, प्रदेश सम्मेलनमा कतै निर्वाचन एवं कतै सहमतिका आधारमा नेतृत्व चयन भएको जानकारी आफूले प्राप्त गरेको उल्लेख गर्दै उहाँले सकेसम्म सहमति नभए निर्वाचनको प्रक्रियाबाट नेतृत्व चयन गर्न आग्रह गर्नुभयो ।आफूले सरकारको नेतृत्व गरेको तेस्रो कार्यकाल सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका हिसाबले ऐतहासिक भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भ्रष्टाचारविरुद्ध थालेको अभियानकै कारण सरकार छाड्नुपर्नेसम्मको अवस्था आएको बताउनुभयो ।

"हामीले भ्रष्टाचारका विरुद्ध महाअभियान छेडेकै हो, नेपालको इतिहासमा राजनीतिक र प्रशासनिक हाइप्रोफाइल व्यक्ति कारबाहीमा परेको पहिलोपटक हो", उहाँले भन्नुभयो, "सामाजिक न्यायका क्षेत्रमा मिटर ब्याजपीडितको समस्या समाधान, लाखौं श्रमिकको सामाजिक सुरक्षा कोषमा आबद्धता र हजारौं नागरिकताविहीन युवालाई नागरिक प्रदान गर्ने कानुन निर्माण ऐतिहासिक कार्य थिए ।" उहाँले आर्थिक समृद्धिको सवालमा लिएका महत्त्वपूर्ण नीतिका कारण अहिले नेपालको अर्थतन्त्रमा क्रमशः सुधार आइरहेको र आर्थिक वृद्धिदर बढ्नेक्रम सुरु भएको बताउनुभयो ।

तेस्रोपटक सरकारको नेतृत्व गर्दा इटलीमा भएको खाद्य सम्मेलन, संयुक्त राष्ट्रसङ्घको महासभा हुँदै कोप-२८ सम्म जाँदा आफूले लिएको ऐतिहासिक पहलकदमीका कारण पार्टीको अन्तर्राष्ट्रिय प्रतिष्ठा फरक रूपमा स्थापित भएको र यसले राजनीतिक नेतृत्वलाई अन्तर्राष्ट्रियस्तरमा अब्बल रुपमा स्थापित गरेको बताउनुभयो । आफूले अल्पविकसित राष्ट्रको पक्षमा लिएको अडान मात्र होइन, कार्यकालमा भारत र चीनसँगको सन्तुलित सम्बन्धले पनि नेपालको कूटनीतिलाई नयाँ उचाईमा उठाएको बताउनुभयो ।उहाँले पछिल्लो सरकारको नेतृत्व गदौ शैक्षिक क्षेत्रमा पनि धेरै सुधारका काम थालिएको बताउनुभयो । त्रिविमा मेरिटोक्रेसी लागू गर्ने, वर्षौंदेखि लुकाएर राखिएको उच्च शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक गर्ने र सङ्घीय शिक्षा ऐन सदनमा पुऱ्याउने काम आफ्नो नेतृत्वको सरकारले नै गरेको स्पष्ट गर्नुभयो ।

अध्यक्ष दाहालले अहिले ठूलाठूला शक्ति राष्ट्रहरूको अस्वस्थ प्रतिस्पर्धा देखिएको र त्यसको असर दक्षिण एसियामा पनि देखापर्न थालेको उल्लेख गर्दै नेपालमा राष्ट्रिय स्वाधीनतको मुद्दा पेचिलो बन्न थालेको बताउनुभयो । भूराजनीतिक अवस्थितिका कारण अहिले विश्वव्यापी रूपमा देखिएको अस्वस्थ प्रतिस्पर्धाको केन्द्र नेपाल हुने हो कि भन्ने चिन्ता व्यक्त गर्दै उहाँले विद्यार्थीलाई नेपालको राष्ट्रिय स्वाधीनताप्रति गम्भीर हुन आग्रह गर्नुभयो ।विदेशी चलखेल रोक्ने र देशको राष्ट्रिय स्वाधीनताको रक्षा गर्न राष्ट्रिय शक्ति निर्माण गर्ने वामपन्थीले मात्रै हो र त्यसको नेतृत्व माओवादी केन्द्रले गर्नसक्ने उल्लेख गर्दै उहाँले विद्यार्थी सम्मेलनले राष्ट्रिय स्वाधीनताको लडाइँलाई सहयोग गर्ने गरी नीति कार्यक्रम बनाउनुपर्ने बताउनुभयो ।

अध्यक्ष दाहालले एक्काइसौं शताब्दीमा समाजवादी क्रान्तिको नयाँ बाटो भनेर आठौं राष्ट्रिय महाधिवेशनबाट पारित लाइन नै आधिकारिक र औपचारिक कार्यदिशा भएको उल्लेख गर्दै सोही कार्यदिशाअनुसार कार्ययोजना बनाएर जनतामा जानुपर्नेमा केही कमजोरी भएको बताउनुभयो ।अब धेरै विषय केन्द्रीय समिति बैठकले टुङ्ग्याउने र विशेष महाधिवेशन गरेर विचारको नयाँ संश्लेषणसहित अगाडि बढ्नेगरी नयाँ गतिमा समाजवादी क्रान्तिको तयारी थाल्ने अबको बाटो हुने उहाँले स्पष्ट गर्नुभयो । रासस

# साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धता कार्यान्वयन गर्न सरकारको निर्देशन



काठमाण्डु । वर्तमान सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धतालाई कार्यान्वयन गर्न प्रधानमन्त्री कार्यालयले सर्कुलर जारी गरेको छ । मन्त्रालय र मातहतका निकायलाई उक्त प्रतिबद्धता वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न निर्देशन दिइएको हो ।

यही असोज २ गतेको मन्त्रिपरिषद् बैठकले उक्त साझा सङ्कल्प पारित गरी कार्यान्वनय गर्न नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ बमोजिम निर्देशन दिएको थियो । सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धताको पूर्णपाठ यसप्रकार छः

सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धता

२०८१ असार १७ गते नेपाली कांग्रेस र नेकपा (एमाले) बीच संयुक्त सरकार निर्माणका लागि सम्पन्न ७ बुँदे सहमतिमा व्यक्त राष्ट्रियहितको रक्षा, संविधानको कार्यान्वयन र विकास, राजनीतिक स्थायित्व, सुशासन, गतिशील अर्थतन्त्र, विकास निर्माणमा तीव्रता र आर्थिक समृद्धिलगायत जनचाहनालाई संबोधन गर्ने सङ्कल्पका साथ यो नीतिगत प्रतिबद्धता सार्वजनिक गरिएको छ ।

**१. राष्ट्रिय हितको रक्षा तथा स्वतन्त्र परराष्ट्र नीति**

नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा वाह्य सम्बन्ध सञ्चालनको मूलमन्त्र हुनेछ ।

राष्ट्रहितलाई सर्वोच्च प्राथमिकतामा राखेर दुवै छिमेकीसहित सबै मित्र राष्ट्रहरूसँगको बहुआयामिक कूटनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र व्यापारिक सम्बन्धलाई अझ घनिष्ट र प्रगाढ बनाउँदै सार्वभौमिक समानताका आधारमा सन्तुलित, विश्वासिलो, सुसङ्गत र पारस्परिक हित एवं समान लाभमाथि आधारित विदेश सम्बन्ध सञ्चालन गरिने छ । छिमेकी मित्र राष्ट्रहरूसँग द्विपक्षीय चासोका विषयहरू असल छिमेकीपनको मर्म र कूटनीतिक माध्यमबाट गरिनेछ ।

संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असङ्लग्न परराष्ट्र नीति अवलम्बन गरिनेछ । नेपालको विकास आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर छिमेकीलगायत मित्र राष्ट्रहरू तथा बहुपक्षीय विकास साझेदारहरुसँग आर्थिक कूटनीतिमार्फत् वैदेशिक सहायता अभिवृद्धि गरी बलियो आर्थिक साझेदारी विकास गरिनेछ ।

**२. संविधानको रक्षा, कार्यान्वयन र संशोधन**

ऐतिहासिक संविधानसभाबाट नेपालको संविधान निर्माण गर्न निर्णायक भूमिका खेलेका पार्टीहरुको हैसियतले यस संविधानको रक्षा, कार्यान्वयन र विकासको मुख्य दायित्व पनि हाम्रै हो भन्ने जिम्मेवारीबोधका साथ संविधानको पूर्ण र सफल कार्यान्वयन गरिनेछ ।

सङ्घीयता कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्दै राज्यका निकायबीच अन्तर-समन्वयलाई प्रभावकारी बनाइनेछ । सङ्घीय निजामती ऐन, शिक्षा ऐन र प्रहरी समायोजनलगायत बाँकी ऐनलाई अविलम्ब निष्कर्षमा पुऱ्याइनेछ ।

संविधान कार्यान्वयनको समग्र अवस्था, प्राप्त उपलब्धि र कमीकमजोरी तथा बाँकी कामहरुका सम्बन्धमा वस्तुनिष्ठ समीक्षा गरिनेछ । समीक्षाका निष्कर्ष तथा प्राप्त अनुभवहरुका आधारमा राजनीतिक स्थायित्वको मुख्य राष्ट्रिय चासो र आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर राजनीतिक पार्टीहरु, नागरिक समाज, बौद्धिक समुदाय, संविधानविद् र आम जनतासँग समेतको छलफल, संवाद र परामर्शबाट बृहत्तर सहमतिका आधारमा संविधान संशोधन गरी संविधानप्रतिको जनताको स्वामित्व र अपनत्व थप विस्तार गरिनेछ ।

संविधान संशोधनका माध्यमबाट लोकतान्त्रिक गणतन्त्र तथा सङ्घीय र समावेशी शासन प्रणालीलगायत २०६२/६३ को जनआन्दोलनका उपलब्धि तथा संविधानका आधारभूत स्तम्भहरुलाई थप संस्थागत र सुदृढ गरिनेछ ।

**३. सुशासन र गुणस्तरीय सेवा प्रवाह**

लोकतान्त्रिक मूल्यमान्यता, संविधानको मार्गदर्शन, विधिको शासन, जवाफदेहिता, स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणका सिद्धान्त, प्रेस स्वतन्त्रता तथा मानवअधिकारको सम्बर्द्धन र प्रवर्द्धनका आधारमा सरकार सञ्चालन हुनेछ ।सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय सुधार, सुशासन प्रवर्द्धन र अनुकूल व्यावसायिक वातावरण निर्माणमा वाधा पुऱ्याइरहेका कतिपय असान्दर्भिक नीति तथा कानुनहरु परिमार्जन गरिनेछ । सार्वजनिक सेवालाई छरितो, प्रभावकारी र सुलभ बनाउन आधुनिक प्रविधिको अधिकतम प्रयोग गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।

भ्रष्टाचार, आर्थिक अनियमितता, अख्तियारको दुरुपयोग जस्ता सार्वजनिक चर्चामा रहेका सबै काण्डहरुको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिन गरिनेछ । विधिको नजरमा सबै समान हुने सिद्धान्त र जुनसुकै ओहदाको भए पनि भ्रष्टाचारीहरु अवश्य दण्डित हुन्छन् भन्ने मान्यता स्थापित गरिनेछ । सार्वजनिक ओहदालाई जनसेवाका माध्यमका रुपमा विकास गर्न सार्वजनिक प्रशासनमा जवाफदेहिता सुनिश्चित गरिनेछ ।

भ्रष्टाचार नियन्त्रणका लागि स्थापित संवैधानिक अङ्ग तथा अनुसन्धान तथा अभियोजनको दायित्व बोकेका संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ । संविधान र कानुनले तोकेको दायित्व निष्पक्ष, भयरहित र बिना दबाब एवं प्रभाव सम्पन्न गर्न अनुकूल वातावरण निर्माण गरिनेछ । सङ्गठन संरचनामा कायम रहेको दोहोरोपना हटाई चुस्त र मितव्ययी बनाइनेछ ।

संसदीय छानबिन समितिको प्रतिवेदन र सिफारिसका आधारमा सहकारी क्षेत्रको नियमनका लागि अधिकारसम्पन्न नियामक निकाय गठन गर्नेलगायत कदमहरुका माध्यमबाट सहकारी समस्याको समाधान गरिनेछ । सहकारी बचतकर्ताहरुको रकम अपचलनमा सङ्लग्न दोषीहरुलाई कानुनी कारबाही गर्दै बचतकर्ताहरुको रकम सुरक्षित फिर्ता हुने कुरा सुनिश्चित गरिनेछ । लघुवित्त संस्थामा देखिएका समस्या समाधान गरिने छ । साथै अनुचित लेनदेनसम्बन्धी समस्याको कानुनबमोजिम शीघ्र समाधान खोजिनेछ ।

**४. गतिशील अर्थतन्त्र र विकास**

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट संसदबाट पारित भइसकेको पृष्ठभूमि र त्यसले सिर्जना गरेको सीमालाई समेत ध्यानमा राख्दै सुधारका हरसंभव उपाय अवलम्बन गरिनेछ । दिगो र फराकिलो आर्थिक वृद्धि सुनिश्चत गर्न वित्त र मौद्रिक नीतिलाई एकअर्काको परि पुरक हुने गरी सञ्चालन गरिनेछ ।

उत्पादन, उपभोग, व्यापार र लगानीका क्षेत्रमा देखापरेका शिथिलता अन्त्य गर्न आवश्यक नीतिगत सुधार गरिनेछ । आर्थिक क्रियाकलापलाई तीव्रता दिन पूँजीगत खर्च गर्ने क्षमता वृद्धि गरिनेछ ।

निजी क्षेत्रलाई आर्थिक वृद्धिका उत्तोलक (ग्रोथ इञ्जिन) का रुपमा आत्मसात गर्दै त्यसको आत्मविश्वास, भरोसा र उत्साहलाई बढाउने तथा सरकार अभिभावक र प्रभावकारी सहजकर्ता हो भन्ने विश्वास दिलाउने गरी काम गरिनेछ । पुँजी बजारप्रतिको आमनागरिकको बढ्दो आकर्षणलाई ध्यानमा राखी नियामक निकायको संस्थागत प्रभावकारिता र पारदर्शीतालाई सुदृढ गरी लगानीकर्ताको लगानी सुरक्षित गरिनेछ ।

आन्तरिक, बाह्य र गैरआवासीय नेपालीहरु समेतको लगानी वृद्धि गर्न नीतिगत, कानुनी र संरचनागत सुधार गर्दै लगानीमैत्री वातावरण निर्माण गरिनेछ । लगानी वृद्धिका लागि विकास फाइनान्सिङका समय सापेक्ष वित्तीय ढाँचाहरु उपयोगमा ल्याइनेछ ।राष्ट्रिय आवश्यकता, सार्वजनिक ऋणको अवस्था, सर्तहरुलगायत पक्षलाई ध्यानमा राखेर बाह्य आर्थिक सहायता र ऋण परिचालन गरिनेछ ।

उत्पादन र उत्पादकत्व वृद्धि, वितरण र उपभोगको शृङ्खला (इको सिस्टम) कायम गरिनेछ । स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहनमार्फत् राष्ट्रिय पुँजीको विकास गरिनेछ । स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्न सक्ने प्राथमिकता प्राप्त वस्तुहरुको सूची तयार गरी लगानी वृद्धि गरिनेछ र यस्ता वस्तुहरुमा मुलुकलाई क्रमशः आत्मनिर्भर बनाइनेछ ।सन् २०२६ मा नेपाल अल्पविकसित राष्ट्रको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नत हुने समयसीमालाई ध्यानमा राख्दै त्यसको व्यवस्थित तयारी र त्यस उपलब्धिलाई दिगो राख्न आवश्यक अर्थनीति, वैदेशिक सहायता नीति, व्यापार नीति, पारवहन नीति लगायत तर्जुमा गरिनेछ ।

कृषि, पर्यटन, उर्जा र सूचना प्रविधिको क्षेत्रलाई आर्थिक वृद्धिका संवाहकका रुपमा स्थापित गर्दै उच्च आर्थिक वृद्धिमा सहयोग गर्ने (हाइग्रोथ) व्यवसायका रुपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न आवश्यक नीतिगत र संस्थागत सुधारमार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी किसानको आयस्तरमा सुधार गरिनेछ । बहुलता, विविधता र बहुसांस्कृतिक विशेषता तथा प्राकृतिक सौन्दर्यलाई नेपालको पहिचान, गौरव र सम्पदाको रूपमा स्थापित गर्दै पर्यटनको समग्र विकासमार्फत् आर्थिक विकास र रोजगारीमा टेवा पुऱ्याउने नीति लिइनेछ ।

आर्थिक वृद्धिदर बढाउन, आमनागरिकको जीवन सहज तुल्याउने, इन्धनमाथिको परनिर्भरता न्यून गर्न, औद्योगीकरणमा सहयोग पुऱ्याउन, व्यापार घाटा कम गर्न र नवीकरणीय ऊर्जाको प्रयोगमार्फत् वातावरणमा सुधार ल्याउन विद्युत् उत्पादन, विस्तार र विद्युतीकरणको नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

सूचना प्रविधिको सम्भावनालाई अधिकतम सदुपयोग गर्दै युवा रोजगारी र स्वरोजगारी तथा निर्यात व्यापारको माध्यमका रुपमा विकास गरिनेछ । आधुनिक सञ्चारमार्फत् जनताको सुसूचित हुने अधिकारको प्रत्याभूति गर्ने, प्रविधिमार्फत शिक्षा, स्वास्थ्य, उत्पादनलगायत जीवनका सबै क्षेत्रलाई सहज तुल्याउने काम गर्ने नीति लिइनेछ ।

विकासका आयोजनाहरु घोषणा हुने तर पर्याप्त बजेट र जनशक्तिको अभावलगायत कारणले वर्षौंसम्म पूरा नहुने अवस्था अन्त्य गरिनेछ । थालेका परियोजनाहरु समयमै सक्ने, प्रस्तावित योजनाहरुको प्राथमिकीकरण गर्ने, आवश्यकता, प्राथमिकता र पर्याप्त तयारीका आधारका मात्र नयाँ योजना स्वीकृत गर्ने, तदनुरुप स्रोत विनियोजन गर्ने र राज्यको कोष अनुत्पादक, छरिएका र दोहोरोपन भएका क्षेत्रमा दुरुपयोग हुन नपाउने सुनिश्चित गर्दै आर्थिक अनुशासनलाई बलियो बनाइनेछ ।

राष्ट्रिय पूर्वाधारमा अन्तर-निकाय समन्वयको समस्या समाधान गरिनेछ।पूर्वाधारविकासमारहेकोदोहोरोपन र भौगोलिक तथा प्रादेशिक असन्तुलन हटाइनेछ । यातायात र सडकलाई आर्थिक विकासका पूर्वाधार, आपूर्ति व्यवस्थाको मेरुदण्ड, उत्पादन र पर्यटन केन्द्रहरुसँगको सञ्जाल निर्माण, सेवाप्रवाह, नागरिकहरु बीचको अन्तरसम्बन्ध तथा आर्थिक अन्तरआबद्धताको मुख्य माध्यमका रुपमा विकास गरिनेछ ।विकास व्यवस्थापन गर्ने निकायहरुको क्षमता अभिवृद्धि गरिनेछ । सम्पन्न कामको भुक्तानी समयमै गरिनेछ ।

राष्ट्रिय गौरवका, राष्ट्रिय प्राथमिकताप्राप्त र रणनीतिक महत्वका भनेर घोषणा गरिएका कार्यक्रमहरुको समग्र प्रगति तथा महत्वको पुनरावलोकन गर्दै समयमै सम्पन्न गर्न आवश्यक कदम चालिनेछ ।खेल क्षेत्रलाई राष्ट्रको छवि अभिवृद्धिको प्रभावकारी माध्यम र युवाहरुको ऊर्जा विकासको आधारका रुपमा स्थापित गर्दै खेल, खेलाडी र खेल पूर्वाधारमा लगानी अभिवृद्धि गरिनेछ ।पहाड र ग्रामीण क्षेत्रमा चुनौतीपूर्ण बनेको बसाइँसराइँको क्रमलाई न्यून गर्न विभिन्न राजगार्गहरुका समानान्तर कृषि उत्पादन करिडोर निर्माण गरिनेछ ।

**५. सामाजिक न्याय र मौलिक हकको कार्यान्वयन**

नेपालको संविधानले मौलिक हकका रुपमा प्रत्याभूत गरेका स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गरिनेछ । खाद्य सुरक्षाको प्रत्याभूतिमार्फत् भोकमरी अन्त्य गरिनेछ । खानपिनको बानीमा सुधार गर्दै स्वस्थ, सन्तुलित र पोषणयुक्त खानालाई प्रोत्साहन गरिनेछ ।

भूमिमा किसानहरुको सहज पहुँच स्थापित गर्न, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत् सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ । सुकुम्बासी, मुक्त कमैया, हलिया, अव्यवस्थित बसोबासी, पुस्तौंदेखि गुठी जग्गा कमाइरहेका किसान र श्रमिकहरुका समस्या समाधान गरिनेछ ।श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रुपमा स्थापित गरिनेछ । स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाइने छ । वैदेशिक रोजगारीलाई सुरक्षित र सीप सिक्ने (स्कील गेन) माध्यम बनाउने नीति लिइनेछ ।

शिक्षालाई सबैको समान पहुँचमा पुऱ्याउन, राष्ट्र, समाज तथा जीवनसँग अझ गहिरो गरी जोड्न र समय अनुरुप गतिशील हुन सक्ने गुणस्तरीय र सीपमूलक शिक्षा नीति अवलम्बन गर्दै उद्यमशील र शिक्षित युवा उत्पादनको नीति लिइनेछ । राष्ट्रिय जनशक्ति प्रोफाइल निर्माण गरेर मुलुकको आर्थिक विकास र समृद्धिका लागि आवश्यक जनशक्तिको योजनाबद्ध विकास गरिनेछ ।गुणस्तरीय स्वास्थ्यसेवाको पहुँच बढाउन स्वास्थ्य बीमाको विस्तार, पूर्वाधार र जनशक्ति निर्माण र स्वास्थ्यचेतनाको शृङ्खला निर्माण गरेर निरोगी नेपालको अवधारणालाई सार्थक तुल्याइनेछ ।

लैङ्गिक समानता, सामाजिक समावेशिता र समानता प्रत्याभूत गर्ने एवम् यस क्षेत्रमा प्राप्त उपलब्धिलाई अझ दिगो, परिणाममुखी र सार्थक तुल्याइनेछ । प्रविधिको दुरुपयोगमार्फत् विस्तार भइरहेको महिला हिंसालाई अन्त्य गर्न प्रभावकारी कानुनी र संरचनागत प्रबन्ध गरिनेछ ।दलित समुदायलगायत पछाडि पारिएका समुदाय, क्षेत्र, अपाङ्गता भएका नागरिकलगायत लागि संविधानले सुनिश्चित गरेको सामाजिक न्याय प्रत्याभूत गरिनेछ । बेसहारा, सडक बालबालिका र सडक मानवहरुको ससम्मान पुनःस्थापना गरिनेछ ।प्रत्येक पाँच जना नेपालीमध्ये एकजना निरपेक्ष गरिबीको रेखामुनि रहेको विद्यमान पीडादायी अवस्थालाई अन्त्य गर्न यस असीको दशकलाई गरिबी अन्त्यको दशकका रुपमा अगाडि बढाइनेछ ।

**६. युवा साझेदारी**

राजनीति, सार्वजनिक सेवा, आर्थिक विकासलगायत सामाजिक जीवनका हरेक क्षेत्रमा युवाहरुको साझेदारीलाई प्रोत्साहन, सम्बर्द्धन र संरक्षण गरिनेछ । उनीहरुलाई समृद्धिका संवाहकका रुपमा अगाडि बढाउँदै सर्वतोमुखी विकासका लागि वातावरण निर्माण गरिनेछ ।

युवाहरुमा उद्यमशीलताको विकास गर्न आवश्यक परामर्श, सीप विकास, स्टार्टअप, उत्पादित वस्तुहरुको बजारीकरण र संरक्षणका लागि एकीकृत नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । आधुनिक प्रविधिहरुले विस्थापन गर्न सक्ने रोजगारीका क्षेत्र र यसले प्रदान गर्न सक्ने नयाँ अवसरहरुको सूक्ष्म अध्ययन गर्दै नयाँ सिकाइ, सीप र जनशक्तिको विकास गरिनेछ ।नवप्रवर्तनलाई प्रवर्द्धन गर्न आवश्यक कानुनको यथाशीघ्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।देशभित्र र बाहिरका विभिन्न प्रविधि कम्पनीहरुसँग नेपाली युवाहरुलाई जोड्न र स्वदेशमै रोजगारी निर्माणका लागि पहल गरिनेछ । विदेशबाट फर्किएका युवाहरुले आर्जन गरेको सीप, ज्ञान, अनुभव र स्रोतको अधिकतम् सदुपयोग गर्ने नीति लागू गरिनेछ ।

७. सङ्क्रमणकालीन न्याय, दिगो शान्ति र सामाजिक सद्भाव

भर्खरै प्रमाणीकरण भएको बेपत्ता व्यक्तिहरुको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी संशोधित ऐनका आधारमा शान्ति प्रक्रियाका बाँकी कामलाई निर्धारित समयसीमाभित्रै टुङ्ग्याउन तत्काल निष्पक्ष र सक्षम आयोग गठन गरिनेछ ।

पीडितको चासो र सरोकारलाई केन्द्रमा राखी सत्य स्थापित गर्दै न्याय, क्षतिपूर्ति, परिपूरण, र मेलमिलापका माध्यमबाट द्वन्द्वसिर्जित पीडाको सम्बोधन गरिनेछ । सशस्त्र द्वन्द्वको पुनरावृत्ति नहुने कुरा सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरिनेछ ।विविधता, बहुलता र बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषतालाई महत्वपूर्ण सामाजिक पुँजी, नेपालको पहिचान र सफ्टपावरका रुपमा आत्मसात गर्दै यसलाई थप सुदृढ गरिनेछ। सबैखाले सङ्कीर्णता, अतिवाद र राष्ट्रिय एकतालाई कमजोर पार्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै सामाजिक सद्भावलाई प्रवर्द्धन गरिनेछ । राष्ट्रगौरवको भावनालाई सम्बर्द्धन गरिनेछ ।

**८. विविध**

जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गर्ने, वातावरणको सुरक्षा गर्ने र हरित अर्थतन्त्रको विकास गर्ने नीति लिइनेछ । 'सगरमाथा संवाद' जस्ता राष्ट्रिय र अन्य अन्तर्राष्ट्रिय मञ्चमार्फत् जलवायु परिवर्तनका कारण निर्मित सङ्कटका बारेमा विश्वलाई सुसूचित गराउने, नेपाल जस्ता पर्वतीय मुलुकका सरोकारबारे अन्तर्राष्ट्रिय लबिङ गर्ने र वातावरण अनुकूलनमा नेपालको योगदानलाई स्थापित गर्ने नीति लिइनेछ ।जलवायु न्याय र जलवायु कोषबाट नेपालले पाउनुपर्ने न्यायोचित लाभका लागि कूटनीतिकलगायत विभिन्न पहल गरिनेछ ।

जाजरकोट र रुकुम (पश्चिम) मा पुनर्निर्माणको कामलाई तीव्रता दिँदै यसको समयबद्ध तालिका प्रकाशन गरी कार्यान्वयन गरिनेछ । बाढी, पहिरो, डुबान, चट्याङ, आगलागीजस्ता प्राकृतिक विपत्तिबाट घरबार गुमाएकाहरुको पुनस्थापनाको स्वचालित पद्धति विकास गरिनेछ ।सरकारमा सहभागी तथा सरकारलाई समर्थन गर्ने दलहरुसँग नियमित परामर्श गरी सरकारको कामलाई थप प्रभावकारी बनाइनेछ । महत्वपूर्ण राष्ट्रिय विषयहरु र सार्वजनिक सरोकारका गम्भीर प्रश्नहरुमा संसद्मा प्रतिनिधित्व गर्ने दलहरुसँग नियमित संवाद गरिनेछ र सहमति निर्माणको प्रयाश गरिनेछ ।

समाजमा प्रायोजित ढङ्गले विस्तार गर्न खोजिएको नकारात्मक भाष्य, दूष्प्रचार, राष्ट्र र जनताको मनोबल खस्काउने प्रयास, भइरहेका उपलब्धिलाई समेत इन्कार गर्ने निषेधात्मक सोच र हीनभावनालाई अन्त्य गर्न तथ्यमाथि आधारित सकारात्मक बहस, रचनात्मक विमर्श र राष्ट्रको आत्मविश्वास बढाउने नीति लिइनेछ । यो मुलुक हामी सबैको हो, यसलाई समृद्ध, सबल र समुन्नत बनाउने दायित्व हाम्रो हो र हामी यसमा अवश्य सफल हुन्छौं भन्ने भरोसा स्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मेयर सिंहमाथि कारबाही किन हुँदैन ?

दुई पुस्तादेखि नेपालमा बसोबास गरिरहेका नेपालको सञ्चार क्षेत्रलाई उद्योगको रुपमा स्थापित गर्न सफल कैलाश सिरोहियामाथि नक्कली नागरिकता लिएको पूर्वाग्रही अभियोगमा थुनामा राख्ने सरकारले जन्मदर्तादेखि नागरिकता र राहदानी समेत किर्ते गरी बनाउने वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहमाथि किन कारबाही हुँदैन ? यो गम्भीर प्रश्न उठेको छ । सबै निकायबाट किर्ते पुष्टि हुने प्रमाण फेला परिसकेको अवस्थामा सिंहमाथि कारबाहीको प्रक्रिया बढेको छैन । तर वीरगञ्जमा नै किर्ते गरी नागरिकता बनाएको अभियोगमा एकजना व्यवसायी थुनामा रहेका थिए । उनको नागरिकता रद्दको प्रक्रिया अगाडि बढिसकेको छ। अर्को मारवाडी परिवारको नागरिकता रद्द गरी पक्राउ गरिएको अवस्था छ। तर सिंहलाई कारबाही भइरहेको छैन। देशमा सरकार परिवर्तन हुने क्रम निरन्तर चलिरहेको छ। सिंहले किर्ते नागरिकता बनाउन लगाएको कारबाहीका लागि सप्रमाण निवेदन दर्ता भएदेखि हालसम्म तीन जना गृहमन्त्री फेरिएका छन् । नारायणकाजी श्रेष्ठ । रवि लामिछाने हुँदै हाल रमेश लेखक गृहमन्त्री छन् । पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्रीबाट हटेर देशमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनिसकेका छन्। तर सिंहमाथि कारबाही भइरहेको छैन। सरकारले नश्लको आधारमा विभेद गरिरहेको सडकमा नारा लाग्दै आएको छ । हरेक दिन समाजिक सञ्जालमा सरकार नश्लवादी रहेको आरोप लाग्ने गरेको छ । सिंहलाई कारबाही नहुनुको कारण नश्लीय सोच बाहेक अन्य केही होइन। कानुनको नजरमा सबै समान हुन्छ। व्यक्तिको अनुहार, जात, लिंग, पहुँच, आर्थिक हैसियतको आधारमा कानुनको कार्यान्वयन गरिएकै कारण नेपाल हरेक क्षेत्रमा पछाडि परेको छ । कानुनले सबैलाई समान व्यवहार गर्नुपर्छ। वीरगञ्ज महानगरका मेयर हुँदैमा राजेशमान सिंहलाई कानुनले छुन सकिरहेको छैन। तर अन्य कयौं पालिकाका मेयर र अध्यक्षहरु अनेक कारबाहीमा परेका छन्। राज्यले कानुनको दुरुपयोग गर्न थालेपछि विद्रोह हुन्छ। नेपालमा हालसम्म भएका हरेक आन्दोलन राज्य आतंक बढेपछि नै भएको हो। सिंहलाई कारबाही नगर्ने र अन्यलाई त्यही प्रकारको अभियोगमा कारबाही गर्दा स्वभाविक रुपमा नागरिकमा आक्रोश बढ्नेछ । संघीय सत्ता गठबन्धनको प्रमुख साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई कांग्रेसका नेताहरुले नै मेयर सिंहमाथि कारबाही नभएको दुःखेसो पोख्दै ज्ञापन बुझाएका छन्। संघीय सरकारमा कांग्रेस पार्टीकै गृहमन्त्री रहेका छन्। तर सिंहमाथि कारबाही हुनेमा कांग्रेसकै नेताहरु विश्वस्त छैनन् । मेयर सिंह निर्दोष हुन् भने राज्यले नागरिकलाई जवाफ दिनु पर्छ। दोषी हो भने कारबाही गर्नुपर्छ।

# ढोरपाटन- सिकार र पर्या-पर्यटनको आधार

सन्तोष गौतम

ढोरपाटन सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको छ। एक हजार ३२५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन सिकार आरक्षको ६० प्रतिशत पूर्वी रुकुम, २६ प्रतिशत बागलुङ र १४ प्रतिशत भूगोल म्याग्दीमा पर्छ। २०४४ सालमा घोषणा गरिएको यो नेपालको एकमात्र सिकार आरक्ष हो।

यो आरक्ष पर्यटनका लागि मात्र नभएर ढोरपाटनको जैविक, सांस्कृतिक, पर्यटकीय, धार्मिक लगायत धेरै अवसरहरु छन् । हरेक वर्षको वसन्त र शरद्याममा ढोरपाटनमा सिकार खेल्न विश्वका सौखिन र धनाढ्य सिकारीहरु आउँछन्। कम्पनीहरुले ठेक्का प्रतिस्पर्धामार्फत सरकारलाई राजस्व तिरेर सिकार गर्न पर्यटक ल्याउँछन्। यहाँ ३२ प्रजातिका स्तनधारी वन्यजन्तु र १३७ प्रजातिका पक्षीहरु छन्। आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ, घुस्तुङ ब्लगमा विभाजन गरी सिकार खेल्न दिने व्यवस्था मिलाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा १९ वटा नाउर र ११ वटा झारल सिकारबाट चार करोड २६ लाख ८८ हजार ७०० राजस्व सङ्कलन भएको छ। आव २०६७/६८ देखि हालसम्म ३९४ नाउर, झारल र रतुवाको सिकार भएको छ। सन् २०२२ मा नाउरको गणना गर्दा ७९ वटा झुण्डमा एक हजार २ ९० भेटिएका थिए।

आव २०७९/८० मा १९ नाउर र ११ झारल, २०७८/७९ मा १७ नाउर र आठ झारल, २०७७/७८ मा १० नाउर र छ झारलको सिकार भएको थियो। सिकार कम्पनी ग्लोवल सफारी काठमाडौंका सिकार गाइड मानबहादुर पुनका अनुसार स्पेन, अमेरिका, रसिया, अमेरिका, जर्मनी, फ्रान्स, बेलारुसलगायत देशका सिकारीहरु सिकार खेल्न आउँछन्। "विश्वका धनाढ्य व्यक्तिहरु जङ्गली जनावरको सिकारको सोख पूरा गर्न करोडौं खर्चेर ढोरपाटन आउने गरेका हुन्," १३ वर्षदेखि सिकार गराउँदै आउनुभएका उहाँले भन्नुभयो, "युवादेखि ७४ वर्षका बृद्ध पनि सिकार खेल्न आउने गर्दछन्।"

### वार्षिक १५ हजार पर्यटकको आगमन

विदेशी सिकारीका अलावा पछिल्ला केही वर्षयता देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटकहरु ढोरपाटन घुम्न आउने क्रम बढेको छ । आरक्षका रेञ्जर सागर सुवेदीका अनुसार आव २०८०/८१ मा १५ हजार ५७३ जनाले भ्रमण गरेको ढोरपाटनमा पर्या-पर्यटन शिर्षकमा रु. १९ लाख ३३ हजार ७०० राजस्व सङ्कलन भएको थियो।


ढोरपाटन उपत्यकाको प्रवेशविन्दु देउरालीमा आरक्ष र नेपाली सेनाको पोष्टमा पर्यटकहरुको विवरण राख्ने र शुल्क लिने गरिन्छ। ढोरपाटन घुम्न नेपालीले प्रतिव्यक्ति एक सय, सार्क राष्ट्रकाले प्रतिव्यक्ति रु एक हजार ५०० र अन्य देशकाले रु तीन हजारका दरले शुल्क तिर्नुपर्छ। गत आवमा रु. चार करोड ७१ लाख दुई हजार ६२८ राजस्व सङ्कलन भएको छ । अघिल्लो आव २०७९/८० मा रु. तीन करोड ४८ लाख राजस्व सङ्कलन भएको थियो । सहज यात्रा गर्दै सिकार गर्न पाउने अवस्था भएर बढी बढाउनमा सिकारी छानिने अवसरले राजस्व बढेको आरक्षले जनाएको छ।

गत आवमा सार्क राष्ट्रका चार र अन्य देशका १०२ जना पर्यटक ढोरपाटन आएका थिए। सडक यातायात, होटल तथा घरवास सुविधा, सञ्चार माध्यम र सामाजिक सञ्जालका कारण बुकी फुलेको हेर्न, फोटो, भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न र प्रकृतिमा रमाउन दैनिकजसो पर्यटक आउने गरेका ढोरपाटन सामुदायिक घरवास (होमस्टे)का सञ्चालक रामबहादुर घर्तीमगरले बताउनुभयो । ढोरपाटनमा रहेका २१ वटा होटल र होमस्टेमा दैनिक ३०० जना बास बस्न सक्ने क्षमता छ।

### ढोरपाटनको आकर्षण

सुन्दर पाटन, आकर्षक गाउँ, मनै लोभ्याउने हिमाल, पृथक रहनसहन, परम्परागत रूपमा बनेका घर-गोठहरू र घोडचडी ढोरपाटनको थप आकर्षण र विशेषता हो। सिकार आरक्ष कार्यालय परिसरको सूचना केन्द्र छ। आरक्ष क्षेत्रमा पाइने वन्यजन्तुबारे जानकारीसहित विभिन्न जनावर र पशुपन्छीको छालासमेत सङ्ग्रहालयमा राखिएको छ।

ढोरपाटनमा उत्तरगङ्गाको ढोरबराह मन्दिर, उत्तरगङ्गा, रुद्रताल, छेन्टुङ गुम्बालगायत मठमन्दिर रहेका छन् । जनैपूर्णिमा, शिवरात्रिलगायत विभिन्न पर्वमा यहाँ तीर्थालुको भिड लाग्छ। ढोरपाटन आरक्ष कार्यालयको तीन किलोमिटर पूर्वमा रहेको छेन्टुङ गुम्बा र तिब्बती बस्ती ढोरपाटनको अर्को आकर्षण हो । तिब्बती शरणार्थीका जनजीवन, संस्कृति र रहनसहन बुझ्न छेन्टुङ पुग्नैपर्ने गन्तव्य हो। ढोरपाटनबाट २२ किलोमिटर दूरीमा रहेको जलजलाबाट हिमाल, सूर्योदय र पहाडी भूगोलको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ।




ढोरपाटन उपत्यकाको पुरानो हवाई मैदान, उत्तरगङ्गा, स्यालपाखे, नवी र तिब्बती शरणार्थी क्याम्पसम्म घुम्ने गर्छन् । त्यसका साथै गुर्जाघाट, जलजला र माथिल्लो भागमा बुकीलगायतका बस्ती यहाँका अन्य रमणीय स्थान हुन्। पर्यटकहरुको बसाई लम्बाउनका लागि सहायक गन्तब्य पहिचान गरेर सङ्घीय, प्रदेश सरकार र नगरपालिकामार्फत पूर्वाधार निर्माण थालिएको ढोरपाटन पर्यटन प्रर्वद्धन विकास संस्थाका सचिव जीवन पुनले बताउनुभयो। यसवर्ष पाखाथरमा होमस्टे सञ्चालन, काडेको डाडाखेदी किटेनी जोड्ने पदमार्ग र गर्पाछेडाको बुकीमा 'ब्लु सिप गोठ स्टे' सञ्चालन गरेका छन्।

### बुकी, पशुपालन र पर्यटन

ढोरपाटन सिकार आरक्ष समुन्द्री सतहदेखि दुई हजार मिटर उचाइमा रहेको रुकुमको तकसेरादेखि सात हजार २४३ मिटर उचाइएको चुरेन हिमालसम्म फैलिएको छ । स्थानीयवासीले हिमाली क्षेत्रका पाटनहरुलाई बुकी भन्ने हुँदा त्यहाँ फुल्ने फूलहरुलाई बुकी फूल भन्ने गरिएको हो। बर्खायाम सुरु भएपछि पूर्वी रुकुम, म्याग्दी र बागलुङका किसानले पालेका गाईभैंसी, भेडा, बाख्रा, घोडालाई घाँस खुवाउन बुकीतर्फ उकालो लाग्छन्। बेंशीका खेतबारीमा बाली लगाएपछि ठूलो सत्‍यामा पालिने बस्तुभाउलाई पोषिलो घाँस खुवाउन बुकी लैजाने चलन रहेको छ। वैशाखमा लेकतिर उक्लिएका गोठालाहरु असोजमा मात्र बेंशी झर्ने चलन छ। गोठाला जनजीजवनलाई नियाल्नका लागि बुकीको यात्रा रोमाञ्चक अवसर हो। पर्यटकहरु घोडा चढेर रमाउँछन्।

बुकीको पोषिलो घाँस खाएका बस्तुभाउ निरोगी, मोटा हुने र दूध तथा मासुको उत्पादन बढी हुने किसान लछुमन थापा बताउनुहुन्छ । बुकीफुलको ढोरपाटन र आसपासका गाउँहरुमा मनाइने चाडपर्व, धर्म, संस्कार र संस्कृतिसँग गाँसिएको छ । भूमे पुजामा युवायुवतीहरुले फूल टिपेर एक अर्कालाई दिने चलन छ। साउने सङ्क्रान्तिमा बुकी फूल जम्मा पारेर लेक र गाउँका देवता पुज्ने गर्छन् । मगराँत क्षेत्रको प्रमुख मानिने उत्तरगङ्गा ढोरबराहमा जनै पूर्णिमामा लाग्ने मेला ढोरपाटनलाई बुकी फूलले ढाकेको समयमा लाग्ने गर्छ । ढोरपाटनमा ढकमक्क फूल फुलेर स्वर्गजस्तो बनेको जनैपूर्णिमाको दिन पारेर यहाँ बलि राजा प्रकट भएका र उनको स्वागतका लागि मेला लगाउने चलन रहेको छ । ढोरपाटन सिकार आरक्षका संरक्षण अधिकृत मण्डिप पँगेनीका अनुसार साउनदेखि असोजको पहिलो हप्तासम्म बुकी फुल्ने गर्छ । "बर्खायाममा ढोरपाटनको आकर्षण नै बुकी हो," उहाँले भन्नुभयो, "यहाँ पाइने फुलहरुको जात पहिचान र अभिलेखीकरणको काम थालेका छौं।"

संरक्षण अधिकृत पशुपति अधिकारीले आरक्ष क्षेत्रमा फाइने १३ प्रजातिका फरकफरक फूलको तस्बिर र स्थानीय नाम सङ्कलन गर्नुभएको छ। ओठफुटे, काप्चुच्चे, दहीठेकी, दूधे, नाकेफुली, पुतली, प्याउली, फट्याङ्ग्री, बिजौरी, बुकी (१), (२), (३), बोक्सी, मदाने र राके स्थानीय नाम गरेका फूलको तस्बिर सङ्कलन भएको छ। यीबाहेक कप्टेरी, भुइँपाटी, बटारे, घोप्टे, अतिशलगायतका फूलहरु पनि बुकीको पाटनमा फुल्ने गर्छन्। बर्षात्को समयमा मात्रै फुल्ने यी फूलहरु असोज लागेपछि सुक्न थाल्छन् । बुकी फूलको बारेमा वैज्ञानिक अध्ययन अनुसन्धान भएको छैन्।

सङ्कलन भएका तस्बिरहरुलाई सम्बन्धित विज्ञहरुको सहयोगमा अङ्ग्रेजी र वैज्ञानिक नाम पहिचान गर्ने तयारी गरेको संरक्षण अधिकृत पंगेनीले बताउनुभयो। आरक्षले फूलहरुलाई संरक्षण गर्न चरन क्षेत्रबाट ट्र्याक्टरमा गाईवस्तुको मल उठाउन रोकेको छ । सिमसार क्षेत्रमा गाईवस्तुले गोब्राउने भएकाले मलिलो माटोमा फूलका बोटबिरुवा सजिलै हुर्कन्छन्।

### यहासम्म कसरी पुग्ने ?

पोखरादेखि मध्यपहाडी लोकमार्ग भएर बस, गाडी वा मोटरसाइकलमा बागलुङ सदरमुकाम हुँदै झन्डै पाँच घन्टामा बुर्तिबाङ पुगिन्छ। बुर्तिबाङ पुगेपछि लोकमार्गलाई छाडेर अधिकारीचौर, बोबाङ हुँदै ३६ किलोमिटर कच्ची सडकमा जिप र मोटरसाइकलमा दुईदेखि तीन घण्टामा ढोरपाटन पुगिन्छ । म्याग्दीको बेनी हुँदै धवलागिरि गाउँपालिकाको मुनासम्म ४५ किलोमिटर सडकमा र त्यसपछि मरेनी जलजला हुँदै दुई दिन पैदलयात्रा गरेर ढोरपाटन पुगिन्छ। पूर्वी रुकुमको टकसेरा हुँदै पनि ढोरपाटन आउन सकिन्छ। गुरील्ला पदमार्गले समेटिएको ढोरपाटन हुँदै डोल्पा पनि जान सकिन्छ।

ढोरपाटन सिकार आरक्ष पुग्ने सडकको पहुँचमार्ग बागलुङको बुर्तीवाङबाट छ । ढोरपाटन घुम्न जाने धेरैजसोले बुर्तिबाङ-ढोरपाटन सडक प्रयोग गर्छन् । ढोरपाटनबाट लाभ लिनका लागि म्याग्दी हुँदै जलजला र ढोरपाटन जोड्ने सडक निर्माण कार्यलाई जतिसक्दो छिटो सम्पन्न गर्नुपर्ने धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो। "बागलुङको बुर्तिबाङभन्दा म्याग्दीबाट ढोरपाटन पुग्न ४० देखि ४५ किलोमिटर नै छोटो पर्छ," उहाँले भन्नुभयो "बेनीदेखि दरवाङ, मुना, खोरिया हुँदै मरेनीसम्म पुगेको सडकलाई स्तरोन्नति गर्ने र मरेनीदेखि जलजला जोड्ने सडकको मार्ग खोल्ने कार्यलाई प्राथमिकता दिएका छौं।"

यस वर्षपनि मरेनी जलजला ढोरपाटन जोड्ने सडकका लागि सङ्घीय सरकारबाट रु. छ करोड ६० लाख विनियोजन भएको छ। ढोरपाटन उपत्यकादेखि छेन्टुङ, गुर्जाघाट हुँदै जलजलासम्म २२ किलोमिटर सडकको मार्ग खुलिसकेको छ । यो सडकमा पर्ने विभिन्न ठाउँका खोलाहरुमा कजवे, कल्भर्ट र मोटरेबल पुल बनाउन आवश्यक छ। ढोरपाटनदेखि पूर्वी रुकुम सडकले जोडिन नौ किलोमिटर मात्र बाँकी छ। म्याग्दी, ढोरपाटन र पूर्वी रुकुम सडकले जोडिएमा मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प बन्न सक्छ । बागलुङ हुँदै पूर्वी रुकुम पुग्नुभन्दा म्याग्दीबाट जाँदा ६५ किलोमिटर छोटो पर्ने धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो।

ढोरपाटनलाई सडक सञ्जालसँग जोड्ने र स्तरोन्नति गर्ने योजनालाई म्याग्दीका सबै राजनीतिक दल तथा सरोकारवालाहरुले प्राथमिकता दिएका छन् । गण्डकी प्रदेश सरकारले बेनी-दरवाङ सडक स्तरोन्नतिलाई पूर्णता दिने र दरवाङदेखि धारापानी ताकम मुना जोड्ने सडकलाई स्तरोन्नति गर्न प्राथमिकता दिएको पूर्वमन्त्रीसमेत रहेका प्रदेश सांसद रेशमबहादुर जुग्जालीले बताउनुभयो। उहाँका अनुसार धारापानीदेखि शिवाङ जोड्ने चार किलोमिटर सडक स्तरोन्नतिका लागि यस वर्ष रु २५ करोड विनियोजन भएको छ। दरवाङ धारपानी र शिवाङ-मुना सडक कालोपत्र गर्ने लक्ष्यसहित यसै वर्ष सङ्घीय र प्रदेश सरकारको साझेदारीमा कार्यान्वयन हुनेगरी रु एक अर्बको आयोजना भित्रिएको छ।

बेनीदेखि मुनासम्मको सडक कालोपत्र र मुना खोरीया जलजला हुँदै ढोरपाटन सडकले जोड्न सकिएमा पोखरा, काठमाडौंका पर्यटक तथा रुकुम, जाजरकोटका बासिन्दालाई ढोरपाटन भित्र्यउन र आवतजावत गराउन सकिन्छ । यसबाट म्याग्दीको पश्चिमी क्षेत्रको समग्र विकासमा टेवा पुग्ने र आर्थिक समृद्धि हासिल हुने अपेक्षा गरिएको छ।रासस

# गाउँमा मिल, सहरमा परम्परागत पानी घट्ट !

शुरबहादुर सिंह

पूर्वाधार विकास, सबैखाले सुविधा र आधुनिक जीवनशैली सहरको पहिचान होभन्दा फरक नपर्ला । फेरिएको जीवनशैली, सम्पन्नता र आधुनिकतासँग परम्परागत संस्कार एवं मौलिक अभ्यासहरु करिब अलग्गिएका नै हुन्छन्। सहरमा नवीन सोच, प्रविधि र शैली प्रयोग हुँदै जाँदा गाउँले आफ्नै मौलिकता अङ्गालेको देखिन्छ।

कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगर पनि प्रदेशकै एक मात्र सहरका रुपमा परिचित र सम्पन्न नगरपालिका हो जो उपमहानगरोन्मुख अवस्थामा छ । दश जिल्लाका सदरमुकामहरु सहरोन्मुख अवस्थामा छन्। पालिकाका केन्द्रहरु बजारमा रुपान्तरण हुँदैछन्। क्रमिक रुपमा हुँदै गएको विकासले हाम्रा परम्परागत संरचना, अभ्यास र काम गर्ने शैलीमा पनि बदलाव आएको छ।

यही बदलावको समयमा पनि राजधानी सहर वीरेन्द्रनगरमा परम्परागत प्रविधि र अभ्यासको पुनरावृत्ति भएको छ। गाउँमा हराउँदै गएको परम्परागत पानी घट्ट वीरेन्द्रनगर नगरपालिका-४ सुर्खेतस्थित सहिद पार्कको मूलढोका नजिक सञ्चालनमा छ । यो देख्ने धेरैले अनौठो मान्दै प्रश्न गर्ने गर्छन्, 'ओहो ! यहाँ पनि पानी घट्ट!' कसले चलाएको हो ? घट्टमा अन्न पिस्न मान्छेहरु आउँछन् र ? कहिलेदेखि घट्ट सञ्चालनमा आएको हो ? छिटोछरितो हुने मिलमा नपिसेर किन मान्छेहरु पानी घट्ट धाइरहेका छन् ?

अचेल गाउँका मान्छे कोदो, मकै, गहुँलगायत परम्परागत अन्न पिस्न मिलमा जाने गर्छन् । उनीहरु त्यसैमा बढी आकर्षित छन् । यद्यपि त्यही रैथाने अन्न पिस्नका लागि सहरका मान्छेहरुको आकर्षण पानी घट्टमा छ। ठीक उल्टो छ। मिलमा जाने रोजगारविहीन गाउँका नागरिक पैसा तिरेर अन्न पिस्छन् तर रोजगारी तथा प्रतिव्यक्ति आय राम्रै भएका सहरका नागरिकहरु पैसा होइन, चार भाग अन्न पिसेमा सम्बन्धित घट्ट धनीलाई एक भाग पीठो दिएर फर्कछन्।



घट्टमा पिसेको खाद्य वस्तु स्वादिलो, खँदिलो र शरीरका लागि हितकर हुने भएकाले मान्छेहरुको आकर्षण यसतर्फ बढ्दै गएको मार्सी होटल सुर्खेतका सञ्चालक महाकृष्ण पाण्डेले जानकारी दिनुभयो । "सुर्खेतमा परम्परागत पानी घट्ट थियो भन्ने मलाई यसअघि थाहा थिएन," उहाँले भन्नुभयो, "जब थाहा पाएँ, त्यसपछिका दिनहरुमा मैले कोदो, जौ, गहुँ र मकै पिस्न यही ल्याउँछु। मेरो होटलमा आउने आन्तरिक र बाह्य पाहुनाहरुलाई निरन्तर अर्ग्यानिक खाना खुवाउने गरेको छु।"

उहाँका अनुसार परम्परागत घट्टमा पिसेर आगोमा पकाएको खाना मानव स्वास्थ्यका लागि निकै लाभदायक हुने भएकाले पनि अहिले मान्छेहरुले त्यसरी बनाएको भोजन खोजिरहेका छन् । सहरमा बनाएका भड्किला र पूर्वतयारी एवं पत्रु खानाले अस्वस्थकर दिनचर्या बढ्नाका साथै मान्छेहरु नसर्ने रोगले बढी थलिन थालेका छन्। तर पानी घट्टमा पिसेको अन्नबाट बनेका परिकार अर्ग्यानिक, पोषिलो र मानव उपयोगी हुने धेरैको भनाइ रहेको छ।

गाउँले एकातिर आफ्नो कामको भार कम गर्न चाहन्छ भने अर्कोतिर प्रकृतिप्रदत्त वस्तु मानव जीवनका लागि कति हितकर भन्नेप्रति महत्व दिएको पाइँदैन । त्यसको पहिलो कारण गाउँ आफूले उत्पादन गर्ने वस्तु उपभोगबाट हुने किफायतीबारे सचेत छैन भने दोस्रो कारण हो गरिबी। गरिबीका कारण उनीहरुलाई भिटामिन, प्रोटिन, कार्बोहाइड्रेड, आइरन, मिनरल्सलगायत सबै मिलेको क्यालोरीयुक्त भोजनभन्दा पेट भर्न पाए हुन्थ्यो भन्ने छ। यसले गर्दा आयातीत र त्यसमा पनि सस्तो चीज किनेर उपभोग गर्छन् भने आफूले उत्पादन गरेका औषधीय गुणयुक्त जैविक उत्पादन बेच्ने गर्छन् । कम उत्पादनमा बढी मूल्य पाउनमै उनीहरु आफूमा खुसी र सन्तुष्टि मिलेको महसुस गर्दछन्।

यसो हुनुमा गाउँले आधुनिक विकासले मानव जीवनशैलीलाई सरल बनाएको अनुभूति गरेको तर मानव अस्तित्वमाथि सङ्कट र चुनौती थपिरहेको मननयोग्य कुरा नबुझेको मध्यपश्चिम विश्वविद्यालय सामाजिक कार्य, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख तथा जलवायु परिवर्तनसम्बन्धीविज्ञ खगेन्द्र अधिकारीले जानकारी दिनुभयो । परम्परारगत घट्ट हराउँदै जानुमा हिमालमा पानीको स्रोत घट्नु र विपद् कारण भएको उहाँले बताउनुभयो।

"घट्ट परम्परागत प्रविधि मात्र होइन, वातावरण संरक्षणको एउटा राम्रो उपयोग र आधार दुवै हो," विज्ञ अधिकारीले भन्नुभयो, "परम्परागत प्रविधिको अस्तित्व काय रहिराख्नु भनेकै वन, वातावरण, वन्यजन्तु र पानीका स्रोतहरुको संरक्षण हो। मानव अस्तित्वको रक्षा गर्नु हो। जलवायु परिवर्तन रोकथाममा सहयोग पुऱ्याउनु हो। यसले मानव र प्रकृतिबीचको सम्बन्धलाई प्रगाढ बनाउन सघाउँछ।"

पानी घट्ट वातावरण संरक्षणमैत्री भएकोले यसको संरक्षण तथा प्रवर्द्धन हुनुपर्ने राससलाई बताउँदै उहाँले बरु यसलाई सुधारिएको घट्ट अर्थात आधुनिकीकरण गर्न सकिने प्रतिक्रिया दिनुभयो । डिजेल, पेट्रोलको खर्च, घटाउने र त्यहीँबाट बिजुली निकाल्न सकिने भएकाले परम्परागत घट्ट सञ्चालन प्रविधि तथा त्यसबाट प्रशोधन हुने खाद्य पदार्थ मानव स्वास्थ्यका लागि हितकर हुने हुँदा पछिल्लो समयमा आफ्ना अन्न बाली पिस्न डिजेल मिलमा भन्दा घट्टमा जानेको आकर्षण बढ्दो रहेको उहाँको भनाइ छ।

गाउँमा पानी घट्ट खोज्नुपर्ने परिस्थितिमा सहरमा घट्ट पाउनुलाई दुर्लभ कुरा नै मान्न सकिन्छ। सडक पूर्वाधार जोडिएसँगै पछिल्लो समयमा हिमाली तथा पहाडी भेकमा परम्परागत पानी घट्टहरु हराउँदै गएका छन् । सडकसँगै बिजुली जोडिएपछि त्यहाँका स्थानीयहरु आधुनिक मिलमा आफूले उत्पादन गरेका अन्नबाली पिस्दै आएका छन् । हिजो खोला किनारमा निर्मित परम्परागत घट्टहरु कताकतैबाहेक आजभोलि देखिन छोडेका छन् । धेरै घट्टहरु बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिका कारण भत्किएका छन्भने गाउँगाउँमा विद्युत् सेवा विस्तारसँगै विद्युत् र कतै डिजेलबाट मिलहरु सञ्चालन हुन थालेपछि परम्परागत पानी घट्ट विस्थापित हुँदै गएका छन्।

घट्ट धनी तिलाराम चालिसेले पानी नियमित नहुँदा बाह्रै महिना सेवा दिन नसकिएको बताउनुहुन्छ। "मान्छेहरु कोदो, मकै, गहुँ, जौ र भटमास लिएर अन्न पिस्न आइरहन्छन्," चालिसेले भन्नुभयो, "भदौ र असोज महिनामा अति घुइँचो हुन्छ । घट्टमा पिसेको अन्नको पीठो राम्रो हुन्छ भनेर स्थानीयहरु यहाँ आइराख्छन् ।" यहाँ आउनेहरुले रैथाने अन्न ल्याएर पिस्न आउने गरेको उहाँले जनाउनुभयो।

स्थानीय ललिता रिजालले घट्टमा पिसेको खाँदा जस्तो अरूमा स्वाद नमिल्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "घट्टमा पिसेको पीठोको स्वादजस्तो राम्रो अरुमा तयार गरिएको कुनै पनि हुँदैन। मिलमा पिसेको स्वादरहित हुन्छ। हामीले पानी घट्टमा अन्न पिसेर दाउरा भएसम्म आगोमा नै पकाएर खाँदै आएका छौं।" यसरी खाँदा खाना स्वादिलो, खँदिलो र पाचनयोग्य हुने गरेको रिजालले जनाउनुभयो।

कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्य हिजोको पुस्ताले प्रयोग गर्ने प्रविधिहरु मानवमैत्री भएको जिकिर गर्नुहुन्छ। प्रकृतिको काखमा बसेर त्यसले प्रदान गरेका चीजको सदुपयोग गरी साझा प्रयासबाट गरिने उतिबेलाका कर्मले मौलिकता, मान्छेहरुको बीचको सम्बन्ध, आयु र आरोग्य सबै सन्तुलन कायम राखेको उहाँले बताउनुभयो । "मानव निर्मिति साधन, उपकरण र संरचनाले कामको बोझ घटाएको छ," आचार्यले भन्नुभयो, "तर प्रकृति विरुद्धका कार्यहरुले मानव अस्तित्व त्यत्तिकै खतरामा पुगेको छ । आधुनिकताको अनुसरण गर्दै गरेको भन्दा यसको चरम स्वाद लिएको हरेक मान्छे र देश अब प्रकृतितर्फ फर्कनुको विकल्प छैन भन्ने निष्कर्षमा पुग्न थालेका छन् ।" जलवायु परिवर्तन अनुकूलनमा पानी घट्टको ठूलो महत्व रहेको उहाँको भनाइ छ।

अन्न पिस्ने परम्परागत घट्ट, तेल पेल्ने कोल तथा दुनो, धान कुट्ने ढिकी, दाल पिस्ने जाँतोलगायतका पुराना प्रविधिहरु कम खर्चमा प्रयोगमा ल्याउन सकिने र त्यसबाट प्रशोधितले चिजले मानव स्वास्थ्य र प्रकृति संरक्षणमा ठूलो योगदान पुऱ्याउने भएकाले ती साधन र प्रविधिहरु उपयोगमा ल्याउनुपर्ने विज्ञहरुले सुझाउँदै आएका छन्। रासस

# सुस्तावासीलाई न्यूनतम विद्युत् महसुल एक वर्षका लागि छुट



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नवलपरासीको (बर्दघाट सुस्ता पश्चिम) क्षेत्रका करिब तीन सय ५० घरधुरीलाई न्यूनतम विद्युत् महसुल एक वर्षका लागि छुट गर्ने घोषणा गर्नुभएको छ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) क्षेत्रमा विहिबार राष्ट्रपति रामचन्द्र पौडेलबाट गरिएको त्रिवेणी-महेशपुर (सुस्ता) मल्टिस्पान झोलुङ्गे पुल तथा एकीकृत राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् आपूर्ति शुभारम्भ कार्यक्रममा ऊर्जामन्त्री खड्काले विद्युत् जडान भएका सुस्ता पश्चिमका करिब तीन सय ५० घरधुरीलाई न्यूनतम विद्युत् महसुल एक वर्षका लागि छुट गर्ने घोषणा गर्नुभएको हो।

नेपाल विद्युत् प्राधिकरणबाट विस्तारित राष्ट्रिय प्रसारण प्रणाली र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा निर्मित सौर्य मिनीग्रिड प्रणालीलाई आबद्धगरी एकीकृत राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् आपूर्ति शुभारम्भ गरिएको थियो ।सोही कार्यक्रममा ऊर्जामन्त्री खड्काले धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले अत्यन्तै महत्वपूर्ण भएर पनि लामो समयदेखि भरपर्दो र विश्वसनीय विद्युत् सेवा उपयोगबाट वञ्चित रहेको सुस्ता क्षेत्रमा राष्ट्रिय प्रसारण प्रणालीको विस्तार सम्पन्न हुनुले सरकारले राखेको शतप्रतिशत विद्युतीकरणको लक्ष्यलाई सहयोग पुग्ने बताउनुभयो । उक्त शुभारम्भसँगै नवलपरासी जिल्ला पूर्ण रुपमा विद्युतीकरण भएको छ।

सुस्ता क्षेत्रमा लामो समयदेखि साना सौर्य ऊर्जा प्रणालीबाट सीमितमात्रामा विद्युत् सेवा उपलब्ध थियो। तीन सय ५० भन्दाबढी घरपरिवारले सौर्य ऊर्जाको प्रयोगबाट आफ्नो आवश्यकता पूरा गर्दै आएका थिए । सुस्तामा गण्डक सबस्टेशनबाट पाँच किलोमिटर प्रसारण लाइन विस्तार गरी झोलुङ्गे पुल पार गर्दै नेपाल विद्युत् प्राधिकरणको राष्ट्रिय ग्रिडमा जोडिएको छ । मन्त्री खड्काले उक्त कार्यसँगै सुस्ता क्षेत्रका बासिन्दालाई गुणस्तरीय र विश्वसनीय विद्युत् सेवा उपलब्ध गराउन सहयोग पुग्नुका साथै यहाँको औद्योगिक, पर्यटन, र आर्थिक गतिविधिमा व्यापक सुधार ल्याउने विश्वास व्यक्त गर्नुभयो ।"हामीले एकसय किलोवाट क्षमताको सौर्य मिनीग्रिड प्रणालीलाई पनि राष्ट्रिय ग्रिडमा सफलतापूर्वक जोडेका छौँ, सुस्ता गाउँपालिका-५ मा निर्माण भएको यो परियोजना वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको 'तराई मधेस समृद्धि कार्यक्रम' र सुस्ता गाउँपालिकाको सहयोगमा विसं २०७७ मङ्सिरदेखि सञ्चालनमा ल्याएका थियौँ", उहाँले भन्नुभयो।


उक्त परियोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जोडिँदा यसको दीर्घकालीन दिगोपन सुनिश्चित भएको मन्त्री खड्काको भनाइ छ । उहाँले देशभर रहेका साना सौर्य ऊर्जा प्रणाली तथा लघु जलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न सरकार योजनाबद्ध ढङ्गले लागेको बताउनुभयो। राष्ट्रिय ग्रिडले नेपालको हरेक कुनासम्म सेवा पु-याउने लक्ष्यका साथ सरकारले काम गरिरहेको उहाँको भनाइ थियो।

ऊर्जामन्त्री खड्काले सुस्तालाई राष्ट्रिय ग्रिडमा जोड्नु विद्युत् पु-याउनुमात्र नभई विकास, समृद्धि र अवसरको उज्यालो बाटो तर्फ अग्रसर भएको बताउनुभयो । सोही अवसरमा मन्त्री खड्काले नारायणी नदीमा तटबन्धको काम तत्काल सुरु गरिने बताउनुभयो ।सहरी विकास मन्त्रालयबाट निर्माण गरिएको उक्त कार्यक्रममा कार्यवाहक प्रधानमन्त्री एवं सहरीविकासमन्त्री प्रकाशमान सिंहले नदी तरितराउको अभावमा वर्षौंदेखि सुस्ता क्षेत्रका नागरिकले आफ्नो दैनिक जीवन सञ्चालनका लागि डुङ्गाको भरपरी जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्थाबाट पुल बनेसँगै उक्त समस्याको समाधान भएको बताउनुभयो ।रासस

# उड्डयन प्रशिक्षण प्रतिष्ठानको जग्गा फिर्ता गर्ने पहल गर्छु : मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानका नाममा रहेको जग्गा फिर्ता ल्याउन पहल गर्ने बताउनुभएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानद्वारा विहिबार आयोजित 'एटिसी सिमुलेटर तथा आधारभूत एयर ट्राफिक सर्भिस तालिम'को उद्घाटन गर्दै मन्त्री पाण्डेले भन्नुभयो, "कुनै पनि शैक्षिक प्रतिष्ठानमाथि सरकारले आँखा लगाउनु हुँदैन। नेपाल उड्डयन प्रशिक्षण प्रतिष्ठानका नाममा रहेको जग्गा २०७६ सालमा सरकारले नै फिर्ता लिएको रहेछ। शैक्षिक प्रतिष्ठानको जग्गा कसैले खोस्न मिल्दैन। फिर्ता ल्याउने प्रक्रिया अघि बढाउँछु।"




मन्त्री पाण्डेले जग्गा फिर्ता भएपछि दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक संरचना बनाउने विश्वास दिलाउनुभयो। जग्गा अपुग भएकाले सरकारले लिएको एकेडेमीको जग्गा एकेडेमीमै फर्काउने गरी पहल गर्ने उहाँको भनाइ थियो। प्रतिष्ठानबाट उत्पादित जनशक्तिले नेपाली आकाश सुरक्षित छ भन्ने विश्वास दिलाउन महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा मन्त्री पाण्डेले जोड दिनुभयो।

"नागरिक उड्डयन क्षेत्र कमजोर भयो भने धेरै कुरा देखाउन सक्दैनौँ। नेपालको आकाश सुरक्षित छ भन्ने सन्देश प्रवाह हुनेगरी काम गर्न जरूरी छ", उहाँले भन्नुभयो, "नेपाली आकाश सुरक्षित छ भन्ने सन्देश संसारभर फैलाउन जरुरी छ । असुरक्षित छ भन्ने गलत भाष्य र प्रवृत्ति रोक्नुपर्छ।"

मन्त्री पाण्डेले नेपालको आकाश सुरक्षित छ भन्नका लागि कुनै कसर बाँकी नराख्न नागरिक उड्डयन प्राधिकरण नेतृत्वलाई निर्देशन दिँदै त्यसको जिम्मा प्राधिकरणले लिनुपर्ने बताउनुभयो। नेपाल वायुसेवा निगमलाई सुरक्षित र भरपर्दो बनाउन सरकारले आवश्यक हस्तक्षेप गर्दै अघि बढ्ने उहाँले उल्लेख गर्नुभयो ।रासस

# झोलुङ्गे पुल निर्माणले सुस्तावासीको जीवनयापन सहज: राष्ट्रपति पौडेल



लुम्बिनी । राष्ट्रपति रामचन्द्र पौडेलले सुस्तावासीले आफ्नो दैनिक जीवनयापनका लागि डुङ्गाको भर परी जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था अब अन्त्य भएको बताउनुभएको छ।

सहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, सस्पेन्सन ब्रिज डिभिजनद्वारा निर्मित त्रिवेणी महेशपुर (सुस्ता) मल्टिस्पान झोलुङ्गे पुलको विहिबार शुभारम्भ गर्नुहुँदै उहाँले झोलुङ्ग पुल निर्माणले सुस्ता क्षेत्रका नागरिकको समस्याको समाधान गरेकामा खुसी पनि व्यक्त गर्नुभयो । 'डबल स्प्यान'को सो झोलुङगे पुल एक हजार ५७१ मिटर रहेको छ।

राष्ट्रपति पौडेलले झोलुङ्गे पुल निर्माणले सुस्ता क्षेत्रमा उत्पादन हुने कृषि उपजले उपयुक्त बजार पाउने र यहाँका बासिन्दालाई आवश्यक पर्ने वस्तु तथा सेवाको सहज पहुँच हुने अवस्था सिर्जना गरेको उल्लेख गर्दै सुस्ता क्षेत्रमा उपलब्ध नभएका शैक्षिक तथा स्वास्थ्य सेवाको सरल र सहज पहुँचमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "पुलका अभावमा सरकारी सेवा लिन दुई/तीन दिनको समय लगाएर जोखिमपूर्ण यात्रा गरी गाउँपालिकाको केन्द्र तथा सदरमुकाम पुग्नुपर्ने अवस्थाको अन्त्य भएको छ। अब अत्यावश्यक सेवा छोटो समयमै लिन सकिने अवस्था सिर्जना भएको छ। "

राष्ट्रपति पौडेलले हिन्दू धर्मावलम्बीको पवित्र तपोभूमिका रुपमा रहेको त्रिवेणीधाम नजिकै रहेको नारायणी नदीमाथि निर्माण भएको नेपालकै लामो यस झोलुङ्गे पुलको निर्माणले यस क्षेत्रमा पर्यटकसमेतलाई आकर्षित गर्ने सम्भावना बोकेको जनाउँदै पुलको निर्माणले नेपालकै लामो झोलुङ्गे पुल भएको जिल्लाको रुपमा यस जिल्ला र क्षेत्रको नयाँ परिचय निर्माण भएको उल्लेख गर्नुभयो । उहाँले नारायणी नदी पारीको भू-भागमा पुल निर्माण भइसकेपश्चात् सोही झोलुङ्गे पुलको प्रयोग गरी विद्युतीय लाइनसमेत निर्माण गर्न सम्भव भएको र सुस्तावासीलाई उज्यालो प्रदान गर्ने कार्यसमेत सम्पन्न गरेकामा निर्माणमा सहभागी सबैलाई धन्यवाद पनि दिनुभयो।

सो अवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुस्ता क्षेत्रका किसान अहिले पनि लालपुर्जाविहीन भएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले भन्नुभयो, "खेतीपाती गर्दै आएका किसान अहिले पनि जग्गाको लालपुर्जाविहीन हुनुपरेकोप्रति म सरकारको ध्यानाकर्षण गराउँदछु। उहाँहरुलाई छिटो लालपुर्जा वितरणको लागि आग्रह पनि गर्दछु ।" मुख्यमन्त्री आचार्यले सुस्ता क्षेत्रका किसानको समस्या समाधान गरिने जनाउँदै प्रदेश सरकारबाट हुने हरेक काममा सुस्ता क्षेत्र प्राथमिकतामा परेको बताउनुभयो। मुख्यमन्त्री आचार्यले नारायणी नदीमा बनेको झोलुङ्गे पुलले सुस्तामा बसोबास गर्नेलाई सबै हिसाबले समृद्ध बनाउने आशा व्यक्त गर्नुभयो ।रासस

# जलवायु परिवर्तनको असर कम गर्न विश्व समुदायले नेपाललाई सघाउनुपर्छ : मन्त्री पौडेल




काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपाल जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित भएकाले यसको असर न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय समुदायलाई सहयोग गर्न आग्रह गर्नुभएको छ।

इन्डोनेसियाको जकार्तामा आयोजित एसिया प्रशान्त क्षेत्रीय पाँचौं मन्त्रिस्तरीय बैठकमा मन्त्री पौडेलले नेपालमा जलवायु परिवर्तनका कारण असर परिरहेकाले यसबाट कृषि र स्वास्थ्य क्षेत्र बढी प्रभावित भएका बताउनुभयो । उहाँले जलवायु परिवर्तनका प्रतिकूल असरलाई न्यूनीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा वकालत गर्दै आएको स्मरण गर्नुभएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ।

मन्त्री पौडेलले भन्नुभयो, "एक संसद् सदस्यको हैसियतमा नीतिगत तहबाट जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न नेपालमा जलवायु संसद् गठन गर्न सधैँ वकालत गर्दै आएको थिएँ । अहिले स्वास्थ्य तथा जनसंख्यामन्त्रीको हैसियतमा वर्तमान र भावी पुस्ताको स्वास्थ्य जोगाउन आवश्यक कार्य गर्ने प्रतिबद्धता जनाउँदछु ।" नेपाल स्वास्थ्य क्षेत्रमा राष्ट्रिय अनुकूलन योजना विकास गर्ने दक्षिण एसियाको पहिलो देश भएको उहाँले उल्लेख गर्नुभयो। मन्त्री पौडेलले जलवायु प्रतिरोधी स्वास्थ्य प्रणाली निर्माण गर्न विभिन्न उपायहरू गरिरहेको बताउँदै स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, अनुसन्धान एवं अध्ययन तथा जलवायु संवेदनशील रोग निगरानी प्रणालीको सुदृढीकरणसँगै स्वास्थ्य संस्थाहरूमा जलवायु प्रतिरोधिता र वातावरणीय दिगोपन कार्यान्वयन गरिरहेको उल्लेख गर्नुभयो।

"स्वास्थ्य क्षेत्रमा जलवायु परिवर्तनको महत्त्वलाई ध्यानमा राखेर नेपालले अनुकूलनका साथै न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै आएको छ । सरकारले एक हजार चार सय स्वास्थ्य संस्थामा स्वास्थ्य फोहर व्यवस्थापनका लागि 'नन बर्न टेक्नोलोजी' प्रयोग गर्ने प्रतिबद्धतासहित दोस्रो राष्ट्रिय निर्धारित योगदान योजना पेस गरेको छ", उहाँले भन्नुभयो ।कोप-२६ मा जलवायु अनुकूल कम कार्बन स्वास्थ्य प्रणाली निर्माण गर्न प्रतिबद्धता जनाएको स्मरण गर्दै मन्त्री पौडेलले स्वास्थ्य क्षेत्रमार्फत हुने ग्रिन हाउस ग्यास उत्सर्जनको आधारभूत मूल्याङ्कन गर्न नेपाल सफल भएको जानकारी दिनुभयो। सबै ५१ देश र क्षेत्रहरूमा सदस्यता खोल्ने प्रावधानको प्रशंसा गर्दै उहाँले भन्नुभयो, "नेपाल यस क्षेत्रीय फोरमको पूर्ण सदस्य बन्न इच्छुक छ।"

> जलवायु परिवर्तन र वायु प्रदूषणका कारण हुनसक्ने स्वास्थ्य जोखिमबारे नागरिकलाई सचेत गराउन जनचेतना अभियान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री पौडेलले जलवायु स्वास्थ्य शिक्षालाई विद्यालयतहका पाठ्यक्रम र सामुदायिक कार्यक्रमहरूमा समावेश गर्नुपर्ने सुझाव दिनुभयो ।

जलवायु परिवर्तन र वायु प्रदूषणका कारण हुनसक्ने स्वास्थ्य जोखिमबारे नागरिकलाई सचेत गराउन जनचेतना अभियान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री पौडेलले जलवायु स्वास्थ्य शिक्षालाई विद्यालयतहका पाठ्यक्रम र सामुदायिक कार्यक्रमहरूमा समावेश गर्नुपर्ने सुझाव दिनुभयो। वातावरण, कृषिसम्बन्धी खाद्य सुरक्षा र पशुधन र मानव स्वास्थ्यका मुद्दाहरूलाई सम्बोधन गरिने स्वास्थ्य 'एजेन्डा'मा नेपालको समर्थन रहने बताउँदै मन्त्री पौडेलले जकार्ता घोषणापत्रमा प्रस्तुत गरिएका कार्यहरूप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।रासस

# बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल बिरामीमैत्री बन्नुपर्छः कार्यवाहक प्रधानमन्त्री सिंह



चितवन । कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले क्यान्सरको उपचार, पहिचान, निदान र सचेतनामा सशक्त भएर लाग्न क्यान्सर अस्पतालका चिकित्सक एवं कर्मचारीहरुलाई निर्देशन दिनुभएको छ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको २५औँ वार्षिकोत्सव तथा २०औँ राष्ट्रिय क्यान्सर सतर्कता दिवसका अवसरमा विहिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सीमित स्रोत र साधनका बाबजुत पनि अस्पतालले गरेको प्रगतिको प्रशंसनीय रहेको बताउनुभयो।

अस्पतालले गर्ने कार्यहरु नेपाल सरकारको नीतिअनुसार बिरामी मैत्री बन्नुपर्ने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "नेपालमा सबै क्यान्सर रोगको उपचार सम्भावना हुनेगरी कार्य गर्ने सङ्कल्प र प्रतिबद्धता आएको छ, धन्यवाद दिन चाहन्छु।" उहाँले थप्नुभयो, "अस्पतालबाट प्रदान गरिने सेवाहरुको विस्तृत विवरण प्रतिवेदनका रुपमा सार्वजनिक भएबाट अस्पतालका कार्यहरु नेपाल सरकारका नीतिअनुसार बिरामीमैत्री भएकोमा खुसी व्यक्त गर्दछु।"

अस्पतालमा सबै प्रकारका रोगको उपचारका लागि आवश्यक पर्ने लिन्याक र सिटी सिमुलेटरको उपकरण खरिद गर्न आफ्नो तर्फबाट सक्दो पहल गर्ने उपप्रधानएवं सहरी विकासमन्त्री सिंहले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो अस्पताल क्यान्सर रोगको उपचराका लागि विदेसिनु नपरोस् भन्ने उद्देश्यका साथ स्थापना गरिएको हो। यसलाई अझै सशक्त बनाउन आवश्यक रहेको छ।"

सो अवसरमा बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटाले यो अस्पताल देशको लाइफलाइन अस्पतालका रुपमा रहेको बताउनुभयो । क्यान्सरको उपचारका लागि प्रथम विन्दुका रुपमा रहेका जनाउँदै उहाँले सवल र उत्कृष्ट उपचारले रोग निको हुने बताउनुभयो । उहाँले भन्नुभयो, "अस्पतालले उत्कृष्ट सेवा बिस्तार र जनताले सहज उपचार पाउनुपर्छ।"

नेपाली समाजमा क्यान्सर रोग लागेपछि लुकाएर राख्ने र समयमा उपचारका लागि नआउने प्रचलका कारण मानिसहरुको मृत्यु हुने गरेको उहाँको भनाइ थियो । जनतामा जनचेतना जगाउन सके उपचारका लागि खर्चिलो नहुने उहाँको भनाइ छ। प्रमुख देवकोटाले थप्नुभयो, "सबल मानसिकता र उत्कृष्ट उपचारले रोग निको हुन्छ।"

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले नेपालमा रहेका क्यान्सर रोगका बिरामीमध्ये ५० देखि ६० प्रतिशतको उपचार यस अस्पतालमा हुने गरेको बताउनुभयो। बीस प्रतिशत नेपालका अन्य अस्पतलाहरुमा र २० प्रतिशत छिमेकी राष्ट्रसहित अन्य मुलुकमा उपचारका लागि जाने गरेको उहाँले जानकारी दिनुभयो। भविष्यमा यस अस्पताललाई ७०० शय्याको बनाउने योजना रहेको डा पौडेलको भनाइ छ।

अस्पतालमा उपचारका लागि आउने बिरामीको सङ्ख्या वार्षिक रुपमा बढ्दै गएको उहाँले बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९/०८० मा एक लाख ६६ हजार २०० बिरामीले उपचार गराएको यस अस्पतालमा गत आर्थिक वर्ष २०८०/८१ मा एक लाख ८८ हजार ५१४ जनाले सेवा लिएका छन् । जसमध्ये ६ हजार ७९५ नयाँ क्यान्सरका बिरामी रहेको उहाँले बताउनुभयो ।अस्पताल सञ्चालक समितिका अध्यक्ष डा विजय न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा २५ वर्षदेखि क्यान्सर रोग लागेर अहिले निको हुनुभएका बिष्णुप्रसाद पोडेल, अञ्जनी स्मृति अक्ष्यकोषका दाता तीर्थराज पराजुलीसहित चिनियाँ टोलीका लिडरलाई सम्मान गरिएको थियो ।रासस

# पर्यटकीय राजधानीको अनुभूति हुनेगरी काम गर्छु : मुख्यमन्त्री पाण्डे



लेखनाथ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटकीय राजधानी घोषणासँगै पोखराको पर्यटन विकासका लागि सक्दो प्रयास गरिरहेको बताउनुभएको छ।

सामाजिक उत्तरदायित्व अध्ययन केन्द्रको संयोजनमा विहिबार पोखरामा आयोजित पर्यटन विकासका लागि नवीनतम दृष्टिकोण कार्यशाला गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशले आफ्नो दोस्रो पञ्चवर्षीय योजनामा पर्यटकीय राजधानीका रुपमा विकास गर्न आफ्ना कार्यक्रम अगाडि ल्याएको जानकारी दिनुभयो।

सीमित स्रोत साधनबीच पनि यहाँका पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवर्द्धन गर्न बजेट विनियोजन गरिएको जानकारी दिँदै मुख्यमन्त्री पाण्डेले पोखरामा संसारभरिका नागरिकलाईआकर्षितगर्नेथलोका रुपमा विकास गर्ने बताउनुभयो। यहाँ आउने पर्यटकका लागि सडक र हवाई मार्ग सहज बनाउनुका साथै उनीहरु स्वतन्त्र रुपमा घुम्न पाउने वातावरण सरकार र पर्यटन व्यवसायीले बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

विदेशी पर्यटक ट्रेकिङ, प्राकृतिक सुन्दरता, धार्मिक तथा साहसिक खेलका लागि नेपाल आउने गरेकाले प्रकृतिको धनी पोखरालाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न प्रदेश सरकारले बढीभन्दा बढी बजेट विनियोजन गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । भारतीय धार्मिक पर्यटकलाई लक्षित गरी नवलपुरको त्रिवेणीदेखि मुस्ताङको मुक्तिनाथ मन्दिरसम्म गौरवको योजनाअन्तर्गत सडक मार्ग निर्माण कार्यलाई अगाडि बढाइएको र गण्डकी प्रदेशबाट सातवटै प्रदेशमा हवाई यातायात सञ्चालन गर्ने तयारी भइरहेको उहाँको भनाइ थियो।

त्यसैगरी, पोखराको अन्तर ाष्ट्रिय विमानस्थललाई सञ्चालन गर्न आफैँले विभिन्न देशका प्रतिनिधि र एयरलायन्स कम्पनीसँग कुराकानी गरिरहेको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो । पर्यटकीय पदमार्ग सडकका कारण लोप हुँदै गएकाले गण्डकी प्रदेश सरकारले कास्कीको माछापुच्छ्रे सर्किटलाई नयाँ पदमार्गका रुपमा विकास गर्न लागेको जानकारी दिँदै उहाँले कास्कीबाट मनाङ जान कास्कीका उत्तरपूर्वी गाउँबाट मनाङ जाने पदमार्गको खोजी भइरहेको बताउनुभयो । पर्यटक लक्षित गरी सबैभन्दा उच्च स्थान मनाङमा हाइअल्टिच्यूट खेलमैदानको निर्माण कार्य प्रदेश सरकारका तर्फबाट भइरहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। पोखरालाई योग शिविरका रुपमा विकास गरी विदेशी पर्यटक तान्न सकिने उहाँको भनाइ छ।

गण्डकी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले गण्डकी प्रदेश सरकारले पर्यटन नीति बनाएर विदेशी पर्यटक बढीभन्दा बढी भित्र्याउने वातावरण सृजना गर्नुपर्नेमा जोड दिनुभयो । विविधतापूर्ण नेपालमा आउने विदेशी पर्यटकको संख्या अत्यन्तै न्यून भएकाले भारत र चीनबाट मात्र पर्यटक तान्न सके पनि पोखरामा लाखौँ पर्यटक भित्र्याउन सकिने उहाँको भनाइ छ।

पर्यटनविज्ञ विश्वास गौचनले पर्यटनका लागि सामाजिक उद्यमशीलता र नवप्रवर्तन विषयमा आधारपत्र प्रस्तुत गर्दै पर्यटकीय रुपमा सम्भावना नै सम्भावना रहेको गण्डकी प्रदेशमा स्थानीय उत्पादनलाई पर्यटनसँग जोडेर अगाडि बढ्न जरुरी भएको बताउनुभयो । "विविधतापूर्ण नेपालमा जुन रुपमा विदेशी पर्यटक आउनुपर्ने थियो त्यो संख्या अत्यन्तै न्यून हो, हामीले पर्यटन विकासका लागि खर्च गरेको रकम पनि सही ठाउँमा नहुँदा पर्यटन क्षेत्रको प्रवर्द्धन हुन सकेको छैन", उहाँले भन्नुभयो ।रासस

# बङ्गलादेशको परिवर्तनपछि रोहिङ्ग्या शरणार्थी आशावादी

एएफपी

कोक्स बजार । रोहिङ्ग्या शरणार्थी शोन्जिदाले बङ्गलादेशमा वर्षौंसम्म दुःख र हिंसा सहनुपर्दा आफू निराश हुनुपरेको बताउनुहुन्छ। गत महिना पूर्वप्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि बनेको सरकारले उहाँलाई भविष्यका लागि नयाँ आशा जगाएको हो ।राज्यविहीन र उत्पीडनमा परेका मुस्लिम अल्पसङ्ख्यक समुदायका करिब १० लाख सदस्य म्यानमारको आफ्नो मातृभूमिमा भएको हिंसाबाट भागेर बङ्गलादेशी विशाल राहत बसिरहेका छन् ।



सन् २०१७ मा म्यान्मारको सेनाको दमनबाट भागेका करिब सात लाख ५० हजार रोहिङ्ग्याका लागि सीमा खुला गरेकोमा अन्तर्राष्ट्रिय समुदायले हसिना प्रशासनको प्रशंसा गरेको थियो । त्यसपछिका वर्षहरूमा शिविरहरूमा व्यापक भ्रष्टाचारले शरणर्थीलाई कुपोषणको शिकार बनाएको छ ।

यहाँ पटक पटक सशस्त्र आक्रमणका घटना देखा परेका छन् । शिबिरका बासिन्दाले हसिनाको बहिर्गमनले उनीहरूको दुर्दशामा नयाँ ध्यान ल्याउनेमा आशा गरेका छन् । “हामी र हाम्रा बच्चाहरू रातको समयमा गोलीकाण्डका कारण डरमा बाँचिरहेका छौं,” ४२ वर्षीया शोन्जिदाले एएफपीसँग भन्नुभयो ।

शोन्जिदा आफ्नो शिविरमा विद्यालय जाने उमेरका बालबालिकाका लागि स्थापना गरिएका केही अनौपचारिक सिकाइ केन्द्रहरूमध्ये एकमा पढाउनुहुन्छ । यसले उहाँलाई आफ्नो समुदायले सामना गरिरहेका विविध समस्याहरूको बारेमा एक अस्थिर अन्तर्दृष्टि प्रदान गर्छ।यी केन्द्रहरूले शिविरका परिवारहरूको एक अंशलाई मात्र पूरा गर्न सक्षम छन् । शरणार्थीको हैसियतले उनीहरूलाई बङ्गलादेशी विद्यालय, विश्वविद्यालय र स्थानीय रोजगार बजारबाट टाढा राख्छ।

उहाँका धैरै विद्यार्थी कुपोषित छन् किनभने अन्तर ाष्ट्रिय सहायतामा आएको ह्रासका कारण रासन कटौती हुनुपरेको छ ।स्थानीय सञ्चार माध्यमका अनुसार यस वर्ष अहिलेसम्म भएका झडपमा ६० भन्दा बढी शरणार्थीको मृत्यु भएको र शिविर नियन्त्रणका लागि लडिरहेका प्रतिद्वन्द्वी लडाकू समूहको आवाजले उनीहरू डराएका छन् ।शोन्जिदाले भन्नुभयो, “हामी शान्ति चाहन्छौं र अब गोली नचलोस् र हाम्रा बच्चाहरू अब डराउनु नपरोस् भन्ने चाहन्छौं।”

“नयाँ सरकार सत्तामा छ, हामी आशा गर्दछौं कि यसले हामीलाई शान्ति, समर्थन, खाना र सुरक्षा प्रदान गर्नेछ।राजधानी ढाकास्थित हसिनाको दरबारमा हजारौं मानिसले आक्रमण गर्न पुगेको केही क्षणअघि गत महिना विद्यार्थी नेतृत्वको विद्रोहका कारण हसिनालाई सत्ताच्युत गरिएको थियो ।यस आन्दोलनले आफ्ना विरोधीहरूको गैरन्यायिक हत्या, प्रेस प्रतिबन्ध र नागरिक समाजमाथिको दमनले ग्रस्त लामो शासनको पर्दा ढालेको थियो।

म्यान्माबाट भागेका रोहिङ्ग्याहरूलाई स्वागत गर्ने हसिनाको निर्णयले उहाँलाई वासिङ्टन र अन्य पश्चिमी सहयोगीबाट केही कूटनीतिक राहत दिलाएको थियो । अन्यथा, उहाँको कार्यकालमा गरिएका दुर्व्यवहारको बारेमा उनीहरूले नियमित आवाज उठाएका थिए । त्यसपछिका वर्षहरूमा शरणार्थीहरूलाई समायोजित गर्ने उहाँको सरकारले गरेको संघर्ष पनि अधिकारवादी समूहहरूको नियमित आलोचनाको विषय बनेको थियो।

शिविरहरूमा भीडभाड कम गर्न कम्तीमा ३६,००० रोहिङ्ग्याहरूलाई पहिले निर्जन र चक्रवात प्रभावित टापु भशान चारमा स्थानान्तरण गरिएको थियो।त्यहाँ पठाइएकामध्ये धैरैले आफूहरू आफ्नो इच्छाविपरीत जान बाध्य भएको बताएका छन् र एक जना शरणार्थीले ह्युमन राइट्स वाचसँग आफूलाई दिएको नयाँ घरलाई ‘समुद्रको बीचमा रहेको टापुको जेल’ भनी वर्णन गरेका छन्।

शिविरहरूको दयनीय अवस्थाले हजारौँलाई दक्षिणपूर्वी एसियाली देशहरूमा नयाँ शरण खोज्न खतरनाक समुद्री यात्रामा जान उत्प्रेरित गरेको र यस्ता यात्राका कारण थुप्रै समुद्रमा डुबेका छन् । नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले नयाँ चुनावअघि अन्तरिम सरकारको नेतृत्व गरिरहनुभएको छ र उहाँले गत महिना आफ्नो कार्यकालको सुरुवातमा रोहिङ्ग्या समुदायलाई निरन्तर सहयोग गरिरहने वाचा गर्नुभएको छ ।

धैरै शरणार्थीहरूले ८४ वर्षीय युनुसको प्रशासनको प्रारम्भिक हप्ताहरूबाट आफूहरू उत्साहित भएको बताएका छन्।समुदायका नेता ४८ वर्षीय हमिद हुसेनले एएफपीसँग बताउनुभयो, “हामीले फेसबुक र युट्युबमा देख्यौं कि हाम्रा समुदायका धैरै नेताहरूले उनीहरूसँग कुरा गरेका छन् र उनीहरूसँग भेटेका छन् । म अहिले बढी आशावादी छु।”युनुसले रोहिङ्ग्यासमुदायको हेरचाहका लागि बङ्गलादेशलाई अन्तर्राष्ट्रिय समुदायको निरन्तर प्रयासको खाँचो रहेको बताउनुभयो ।

यस हप्ता उहाँले संयुक्त राज्य अमेरिकाको यात्रा गर्नुभएको छ र समूहका लागि थप विदेशी सहायताको लागि पहल गर्नुभएको छ । अमेरिकी विदेश मन्त्रालयले राष्ट्रपति जो बाइडेनसँगको युनुसको भेटपछि लगभग २०० मिलियन अमेरिकी डलर अतिरिक्त कोषको घोषणा गरेको छ । युनुसले शरणार्थीहरू सुरक्षित रूपमा आफ्नो मूल घरमा फर्कने सम्भावना पहिलेभन्दा पातलो देखिएको भन्दै उनीहरूलाई छिटो भन्दा छिटो तेस्रो मुलुकमा पुनर्स्थापना गर्न पनि आह्वान गर्नुभएको छ ।

# बङ्गलादेशका पूर्व कप्तान शाकिबले मार्चपछि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिने




एएफपी

कानपूर । बङ्गलादेशका पूर्वकप्तान साकिब अल हसनले आगामी वर्षको मार्चसम्ममा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिने बताउनुभएको छ ।

शकिबसँगै पूर्वप्रधानमन्त्री शेख हसिनाको पार्टीका दर्जनौं अन्य सदस्यमाथि प्रहरीले प्रदर्शनकारीमाथि गरेको घातक दमनमा दोषी ठहर गर्दै हत्याको आरोप लगाइएको छ ।गत महिना विद्यार्थी नेतृत्वमा भएको आन्दोलनमा हसिनाको सरकार ढलेपछि ३७ वर्षीय शाकिब बङ्गलादेश फर्किनुभएको छैन । शाकिबले अर्को वर्ष पाकिस्तानमा हुने च्याम्पियन्स ट्रफी आफ्नो अन्तिम अन्तर्राष्ट्रिय खेल हुने बताउनुभएको छ।

उहाँले दक्षिण अफ्रिकाविरुद्धको दुई टेस्ट शृङ्खलाका लागि स्वदेश फर्कन चाहेको र यसबारे बङ्गलादेश क्रिकेट बोर्ड (बिसिबी)सँग सोधपुछ गर्नुभएको छ। “यो मेरो इच्छा हो, मैले बिसिबी र चयनकर्तालाई यो कुरा भनेको छु,” भारतविरुद्ध कानपुरमा शुक्रबार हुने दोस्रो टेस्टअघि शाकिबले पत्रकारसँग भन्नुभयो । उहाँले भन्नुभयो, “उनीहरू मसँग सहमत भए, उनीहरूले सम्भव भएसम्म सबै कुरा व्यवस्थित गर्ने प्रयास गरिरहेका छन्, ताकि म मिरपुरमा ती दुई ‘टेस्ट म्याच’हरू खेल्न बङ्गलादेश फर्कन सकूँ र त्यहाँबाट नै विश्राम लिन सकूँ ।”

उहाँले भन्नुभयो, “यदि त्यसो भएन भने सायद यो मेरो अन्तिम घटना हो।”अक्टोबर २१ देखि सुरु हुने दक्षिण अफ्रिका भ्रमण अझै अन्योलमा छ, गत महिनाको आन्दोलनपछि बङ्गलादेश पर्याप्त सुरक्षित छ कि छैन भनेर दक्षिण अफ्रिकाको पुरूषतर्फको खेल (प्रोटियाज) ले आँकलन गरिरहेका छन् ।शाकिबले गत जुनमा भएको विश्वकपपछि टी-२० खेलका लागि खेलबाट बिदा लिने समयको अनौपचारिक घोषणा गरिसकेको छु।

उहाँले भन्नुभयो, “मैले जुनमा भएको विश्वकपबाट आफ्नो अन्तिम खेल खेलेको थिएँ। हामीले चयनकर्ता र बोर्डसँग यस विषयमा छलफल गरेका छौं। यो मेरो लागि निर्णय लिने सही समय हो र बिसिबीले केही नयाँ खेलाडीको खोजी गर्नेछ।”शाकिबले आगामी फेब्रुअरीमा पाकिस्तानले आयोजना गर्ने च्याम्पियन्स ट्रफीका लागि ५० ओभरको आफ्नो अन्तिम खेल खेल्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, “एकदिवसीय खेलमा मैले आठ खेल खेल्न बाँकी छ र च्याम्पियन्स ट्रफी अन्तिम हुनेछ। ”शाकिब बङ्गलादेशी टोलीलाई आफ्नो समयमा अन्तर्राष्ट्रिय दावेदार बन्नको लागि उदयको प्रेरक शक्ति मानिनुहुन्छ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को अलराउन्डर वरीयतामा एकैसाथ तीनवटै फर्म्याटमा शीर्ष स्थानमा रहने उहाँ एक मात्र खेलाडी हुनुहुन्छ । शाकिबले यसै महिनाको सुरुमा पाकिस्तानमा आफ्नो टोलीको ऐतिहासिक टेस्ट शृङ्खलामा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो र भारत जानुअघि इङ्ग्ल्यान्डको सरेको लागि काउन्टी क्रिकेट खेल्न जानुभएको थियो । उहाँले सन् २००६ मा अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेयता ७० टेस्ट, २४७ एकदिवसीय र १२९ टी-२० खेल खेल्नुभएको छ ।

# संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा व्यापक सुधार आवश्यक रहेको जी-४ राष्ट्रको दाबी

एएनआई

नयाँ दिल्ली । ब्राजिल, जर्मनी, भारत र जापानको प्रतिनिधित्व गर्ने जी-४ राष्ट्रका विदेशमन्त्रीले संयुक्त राष्ट्र सङ्घलाई समकालीन भूराजनीतिक वास्तविकतालाई अझ राम्रोसँग प्रतिबिम्बित गर्न र वर्तमान र भविष्यका लागि उपयुक्त बनाउन सुरक्षा परिषद्को व्यापक सुधार आवश्यक रहेकोमा जोड दिनुभएको छ ।



सेप्टेम्बर २३ मा संयुक्त राष्ट्र महासभाको ७९औं सत्रमा ब्राजिलका माउरो भियेरा, जर्मनीका एनालेना बारबक, भारतका एस जयशङ्कर र जापानका योको कामिकावा, चार राष्ट्रका विदेशमन्त्रीबीच भेटवार्ता भएको थियो । उहाँहरुबीच बहुपक्षीय प्रणालीको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न र संयुक्त राष्ट्र सुरक्षा परिषद्मा सम्भावित सुधारहरूबारे छलफल भएको थियो ।

“जी-४ राष्ट्रका मन्त्रीहरूले संयुक्त राष्ट्र सङ्घको केन्द्रमा रहेको बहुपक्षीय प्रणालीका लागि वर्तमान महत्वपूर्ण चुनौतिबारे उल्लेख गर्नुभयो । सुरक्षा परिषद्को व्यापक सुधार संयुक्त राष्ट्र सङ्घलाई समकालीन भूराजनीतिक वास्तविकतालाई अझ राम्रोसँग प्रतिबिम्बित गर्न र वर्तमान र भविष्यका लागि उपयुक्त बनाउनका लागि कुनै पनि प्रयासको एक आवश्यक अङ्ग हो भनी उहाँहरुले जोड दिनुभएको छ“, जी-४ राष्ट्रले जारी गरेको एक संयुक्त प्रेस वक्तव्यमा भनिएको छ ।

यस सन्दर्भमा जर्मनी, भारत र जापानका मन्त्रीहरूले विश्वव्यापी शासन परिवर्तनको महत्त्वलाई जोड दिँदै “भविष्यको शिखर सम्मेलन“ पछि संयुक्त राष्ट्र सुरक्षा परिषद्को सुधारमा छलफललाई उच्च प्राथमिकता रहेको कुरामा जोड दिनुभएको हो ।

जी-४ मन्त्रीहरूले परिषद्को वैधता बढाउन र यसको प्रभावकारिता सुनिश्चित गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी र गैर-स्थायी सदस्यता विस्तारका लागि आफ्नो आह्वान दोहोर्याउनुभयो जसलाई वार्ता प्रक्रियाको क्रममा सदस्य राष्ट्रहरूले समर्थन गरेका छन् । सुरक्षा परिषद्मा दुबै सदस्यता वर्गमा विकासोन्मुख देश र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा उल्लेखनीय योगदान पुर्याउनेको भूमिका र सहभागिता बढाउनुपर्ने कुरामा सदस्य राष्ट्रहरु सहमत भएका छन् ।

उहाँहरुले दुबै सदस्यता वर्गमा अफ्रिका, एसिया-प्यासिफिक र ल्याटिन अमेरिका र क्यारिबियन जस्ता कम प्रतिनिधित्व भएका र प्रतिनिधित्व नभएका समूह र क्षेत्रको प्रतिनिधित्व आवश्यक रहेकोमा पनि जोड दिनुभयो ।

त्यसैगरी उहाँहरुले सुरक्षा परिषद् लगायत संयुक्त राष्ट्रसँग सम्बन्धित वर्तमान मुद्दामा छलफल जारी राख्न सहमति जनाउनुभएको छ ।जी-४ राष्ट्रका विदेश मन्त्रीहरूले सुधारिएको सुरक्षा परिषद्मा नयाँ स्थायी सदस्यको आकांक्षीका रूपमा एकअर्काको उम्मेद्वारका लागि आफ्नो समर्थन दोहोर्याउनुभएको छ ।

# आइएमएफद्वारा पाकिस्तानका लागि सात अर्ब ऋण स्वीकृत


एएफपी

इस्लामाबाद । अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले पाकिस्तानको कमजोर अर्थतन्त्रलाई राहत दिनका लागि सात अर्ब अमेरिकी डलर ऋण स्वीकृत गरेको छ ।

तीन वर्षे ऋण कार्यक्रमअन्तर्गत पाकिस्तानी अर्थतन्त्रलाई बलियो बनाउन जारी प्रयासलाई समर्थन गरी आर्थिक वृद्धिका मार्गहरु सिर्जना गर्न अब्बल आर्थिक नीति र सुधारहरू आवश्यक पर्ने आईएमएफले विज्ञप्तिमार्फत उल्लेख गरेको छ । आएएमएफका अनुसार पाकिस्तान गत जुलाईमा उक्त सम्झौतामा सरकारले यस अवस्थामा समर्थन गरेकोमा उहाँले आभार व्यक्त गर्नुभयो । लामो समयदेखि राजनीतिक र आर्थिक सङ्कटको चक्रमा फसेको पाकिस्तानले कुल २५० अर्ब डलरभन्दा बढी ऋण जम्मा गरेको आइएमएफको पछिल्लो प्रतिवेदनले जनाएको छ ।

आइएमएफका अनुसार पाकिस्तानको लगभग ४० प्रतिशत ऋण विदेशी मुद्रामा बाह्य ऋणदाताहरूलाई तिर्न बाँकी छ । रिपोर्टअनुसार यसको सबैभन्दा ठुलो एकल विदेशी ऋणदाता चीन र चिनियाँ वाणिज्य बैङ्कहरू हुन् ।

सन् २०२२ को विनाशकारी मनसुन र बाढीका साथै विश्वव्यापी



सहमत भएपछि ऋण स्वीकृत भएको हो ।

बुधबार न्यूयोर्कमा राष्ट्रसङ्घको महासभामा बोल्दै प्रधानमन्त्री शाहबाज सरिफले साउदी अरब, चीन र संयुक्त अरब इमिरेट्सको समर्थनका कारण सम्झौता भएको बताउनुभएको छ ।

वार्ताको अन्तिम चरणमा आईएमएफका सर्तहरू चीनसँग सम्बन्धित थिए । चिनियाँ

आर्थिक मन्दीपछि राजनीतिक अराजकताको बिचमा अर्थतन्त्र सङ्कुचित भएपछि पाकिस्तान गम्भिर आर्थिक सङ्कटबाट गुज्रिरहेको छ । छिमेकी देशहरूबाट अन्तिम-ऋणकासाथ आईएमएफको उद्धार प्याकेजले बचत गरेको थियो, तर उच्च मुद्रास्फीति र सार्वजनिक ऋणका कारण यसको वित्तीय अवस्था डरलाग्दो अवस्थामा रहेको छ ।

# आर्सनल र लिभरपुल फराकिलो जितसहित चौथो चरणमा

काठमाण्डु । प्रिमियर लिग क्लबद्वय आर्सनल र लिभरपुल फराकिलो अन्तरको जित निकाल्दै इंग्लिस क्लबको चौथो चरणमा प्रवेश गरेको छ ।




आर्सनलले तेस्रो चरणमा तेस्रो श्रेणीको क्लब बोल्टन वान्डर्सलाई ५-१ ले पराजित गरेको हो ।आर्सनलका लाथि एथान नवानेरीले दुई तथा डेक्लान राइस, रहिम स्टर्लिङ र काभ हाभार्टले एक-एक गोल गरे ।बोल्टनका आरोन जोन कोलिन्सले एक गोल फर्काए ।

यस्तै अर्को खेलमा लिभरपुलले प्रिमियर लिगकै वेष्टहम युनाइटेडलाई ५-१ ले नै हरायो । लिभरपुलका लागि डिएगो जोटा र कोडी गाक्पोले २-२ गोल गर्दा मोहमद सालाहले एक गोल गरे ।लिग कपको चौथो चरणको ड्र पनि गएराति नै सार्वजनिक भएको छ ।चौथो चरणमा अब लिभरपुलले ब्राइटनको भ्रमण गर्नेछ। यस्तै आर्सनलले प्रेस्टनसँग खेल्नेछ भने प्रिमियर लिगका दुई क्लब म्यानचेष्टर सिटी र टोटनहम चौथो चरणमै भिड्नेछन् ।म्यानचेष्टर युनाइटेडले लेस्टरसँग प्रतिस्पर्धा गर्नेछन् । चेल्सीले विम्बलडन र न्युकासलबीचको विजेतासँग चौथो चरणमा खेल्नेछ ।

# चीन र रुसका विदेशमन्त्रीद्वारा राष्ट्रसंघमा युक्रेन सङ्टबारे छलफल

एएफपी

बेइजिङ । चीन र रूसका विदेशमन्त्रीहरूले संयुक्त राष्ट्रसङ्घीय महासभामा युक्रेन युद्धबारे छलफल गरेका छन् ।



पछिल्लो समयमा चीन र रूसले सम्बन्ध बलियो भएको छ भने सन् २०२२ मस्कोले युक्रेनमा आक्रमण गरेपछि द्विपक्षीय व्यापारले बढवा पाएको छ ।पश्चिमी मुलुकहरूले रूसको आक्रामक युद्धको समयमा बेइजिङले राजनीतिक आवरण र आर्थिक समर्थन प्रदान गरेको आरोप लगाएका छन् । आरोपलाई चीनले अस्वीकार गर्दै द्वन्द्वमा तटस्थता कायम राखेको जनाएको छ ।

चिनियाँ सरकारी सञ्चारमाध्यम सिसिटिभीले बिहीबार विदेशमन्त्री वाङ यीले संयुक्त राष्ट्रसङ्घीय महासभामा आफ्ना रूसी समकक्षी सर्गेई लाभरोभलाई भेटवार्ता गरेको जनाएको छ ।छलफलमा दुवै पक्षले युक्रेन सङ्कटलगायत बिषयमा विचार आदानप्रदान गरेको सिसिटिभीले उल्लेख गरेको छ । विदेशमन्त्री वाङले द्विपक्षीय सम्बन्ध उतार-चढावबाट गुज्रिएको उल्लेख गर्दै स्थायी असल छिमेकीको रुपमा चीन-रूस सम्बन्धलाई अगाडि बढाउने उल्लेख गर्नुभएको छ ।

चीन र रूसले ‘नो-लिमिट्स’ साझेदारी अनुरुप विश्वव्यापी मामिलामा अमेरिकी नेतृत्वको पश्चिमी प्रभुत्वको विरोध गर्दै आएका छन्। बेइजिङ र मस्कोले यस वर्ष कूटनीतिक सम्बन्ध स्थापनाको सातौं वार्षिकोत्सव मनाउँदैछन् ।चिनियाँ राष्ट्रपति सी चिनफिङले आगामी महिना रूसमा हुने उदीयमान अर्थतन्त्रहरूको ब्रिक्स शिखर सम्मेलनमा पनि भाग लिने कार्यक्रम तय भएको छ ।

# मेक्सिकोमा गोली लागि ११ बन्दूकधारीको मृत्यु

एएफपी

मेक्सिको सिटी । मेक्सिकोको उत्तरपूर्वी क्षेत्रमा बुधबार सुरक्षा फौजको कारबाहीमा ११ जना बन्दुकधारीको मृत्यु भएको छ ।

नुएभो लियोन राज्य सरकारले एक विज्ञप्ति जारी गर्दै भनेको छ, सुरक्षाकर्मीले एक सशस्त्र समूहलाई पछ्याउने क्रममा उनीहरूले गोली चलाएपछि भएको झडपमा ११ जना बन्दूकधारीको गोली लागी मृत्यु भएको छ भने एक जनालाई सुरक्षा नियन्त्रणमा लिइएको छ । सुरक्षाकर्मीले उक्त सशस्त्र समूहबाट हतियार र सवारी साधन जफत गरेको छ ।”

कमाण्ड पोस्टमा आक्रमण भएपछि




हवाई र स्थलमार्गबाट खोजी सुरु गरिएको र सुरक्षा फौजतर्फ कुनै हताहती भएको छैन । सुरक्षाकर्मीले करिब आठवटा पिकअप ट्रकमा यात्रा गरिरहेका बन्दुकधारीलाई लखेट्ने क्रममा लस रामोनेस नगरपालिकामा गोली हानाहान भएको थियो ।हिरासतमा लिइएका संदिग्ध व्यक्ति राजमार्गमा छद्म भेषमा हतियार र सामरिक उपकरण बोकेर हिँडेका थिए ।

मेक्सिकोमा सुरक्षा बल र संदिग्ध कार्टेल सदस्यहरूबीच भिडन्त हुने गरेको छासन् २००६ देखि अहिलेसम्म ल्याटिन अमेरिकी राष्ट्र मेक्सिकोमा चार लाख ५० हजारभन्दा बढी मानिसको सशस्त्र झडपमा मृत्यु भइसकेको छादेशको सबैभन्दा शक्तिशाली र हिंस्रक लागूऔषध गिरोहमध्येको एक उत्तरपश्चिमी राज्य सिनालोआमा लागु औषधको ओसारपसार गर्ने समूहमा आन्तरिक कलहका कारण यो महिना दर्जनौं व्यक्तिको मृत्यु भएको छ ।

गत जुलाईको अन्त्यतिर सिनालोआ लागु औषत्र कारोबार गर्ने संस्थाका सहसंस्थापक इस्माइल ‘एल मायो’ जाम्बाडालाई अमेरिकी भूमिमा अचानक पक्राउ गरिएपछि यो हिंसा भएको हो ।निवर्तमान राष्ट्रपति आन्द्रेस म्यानुएल लोपेज ओब्राडोरले सामाजिक कार्यक्रममार्फत गरिबी र असमानतासँग जुझ्दै हिंसात्मक अपराधसँग जुध्न ‘हग्स नट बुलेट्स’ रणनीतिको वकालत गरिरहेका समय पछिल्लो झडप र मृत्यु भएको हो ।

# नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र पनि शेयर जस्तै किनबेच गर्न पाइने




काठमाण्डु । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक ऋण (निष्कासन तथा व्यवस्थापन) कार्यविधि, २०८१ जारी गर्दै नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र पनि दोस्रो बजारमा कारोबार गर्न सकिने व्यवस्था गरेको छ। यससँगै अब पुँजीबजारमा हुने शेयर कारोबार जस्तै बचतपत्र पनि खरिदबिक्री गर्न सकिने व्यवस्था कार्यान्वयनमा आएको हो।

नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार 'ऋण सञ्चालन तथा व्यवस्थापन सफ्टवेयर (डोम्स)' र इन्भेष्टर पोर्टलमार्फत् गर्न सकिने व्यवस्था कार्यविधिमा राखिएको छ। धितोपत्रको दोस्रो बजारमा कारोबारका लागि नेपाल स्टक एक्सचेञ्ज (नेप्से)ले सञ्चालनमा ल्याएको अनलाईन कारोबार प्रणाली जस्तै नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र वा अन्य खालका ऋणपत्रको निष्कासन तथा सञ्चालनका लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले 'डोम्स' र 'इन्भेष्टर पोर्टल' कार्यान्वयनमा ल्याएको हो।

सरकारले आन्तरिक ऋण उठाउनका लागि प्रयोग गर्ने अर्को उपकरण 'ट्रेजरी बिल्स' को दोस्रो बजार कारोबार पनि 'डोम्स' मार्फत् गर्न सकिनेछ तर विकास ऋणपत्रको दोस्रो बजार कारोबार भने निष्कासनपछि सूचीकरणका लागि नेप्सेमा पठाइने र नेप्सेमा सूचीकृत दलाल (ब्रोकर) कम्पनीमार्फत् कारोबार गर्न सकिने व्यवस्था गरिएको छ।

आन्तरिक ऋण उठाउनका लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले स्वीकृत गरेको वार्षिक कार्यतालिका तथा निष्कासन तालिकाअनुसार नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको बिक्री खुला, बन्द तथा निष्कासन गरिनेछ। गैरआवासीय नेपालीले पनि नागरिक बचतपत्र खरिद गर्न सक्नेछन्। "नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्र खरिद गर्न चाहने व्यक्तिले पहिलोपटक इन्भेष्टर पोर्टलमा तोकिएको ढाँचामा विवरणहरू प्रविष्टि गरी रजिष्टर गरेर युजरनेम तथा पासकोड प्राप्त गर्न सक्नेछन्", कार्यविधिमा भनिएको छ। यस्तो बचतपत्र निष्कासन गर्दा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिले पाउने प्रक्रियाबाट बाँडफाँट गरिने पनि कार्यविधिमा उल्लेख छ।

नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको व्याज अर्धवार्षिक रूपमा सोझै खरिदकर्ताको बैंक खातामा जम्मा गरिनेछ। कार्यविधिमा यस्ता बचतपत्रको लागि निर्धारित व्याजको हिसाब गर्दा तीस दिनको एक महिना र तीन सय ६० दिन बराबरको एक वर्ष मानी गणना गर्नुपर्ने व्यवस्था गरिएको छ। व्याज भुक्तानी हुने मितिको एक कार्यदिन अगाडिदेखि भने दोस्रो बजार कारोबारबाट बचतपत्रको स्वामित्व हस्तान्तरण गर्न पाइने छैन।

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूलाई सरकारी ऋणपत्र तथा बचतपत्रको कारोबारका लागि बजार निर्माताका रूपमा इजाजत दिइनेछ। यस्तै, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट जारी हुने बचतपत्रको बिक्री एजेन्टका रूपमा निश्चित प्रकृतिका कम्पनीलाई इजाजतपत्र दिन सकिने व्यवस्था पनि कार्यविधिमा राखिएको छ। "कार्यालयले बैंकबाट विप्रेषणको लागि इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था, रेमिट्यान्स कम्पनी र मनी ट्रान्सफर कम्पनीले बिक्री एजेन्टका रूपमा कार्य गर्न चाहेमा इजाजत दिन सक्नेछ", कार्यविधिमा भनिएको छ।रासस

# टपरी बेचेर मासिक डेढ लाख आम्दानी गर्दै जितेन्द्र

बरहथवा । जिल्लाको हरिवन नगरपालिका-४ गेलहाका २० वर्षीय जितेन्द्रकुमार महतोले टपरी बेचेर मासिक रु एक लाख ५० हजार आम्दानी गर्दै आउनुभएको छ। दुई महिनाअघि घरमा दुना टपरी बनाउने उद्योग सञ्चालन गरी स्वरोजगार बन्नुभएको हो।



टायलले छाएको, बाँसको टाटीले बेरेको भुइँ तल्ला घरको एउटा कोठामा दुनाटपरी बनाउने उपकरण जडान गरी उद्योग सञ्चालन गरेको महतोले बताउनुभयो। महतोले दैनिक एक हजार थान टपरी, भोज खान मिल्ने पात र मागअनुसार दुना बनाएर बजार पठाउने गरेको बताउनुभयो। "दिनको एक हजार थान टपरी बजारमा पठाउने गरेको छु। अहिले महिनामा रु एक लाख ५० हजारसम्म आम्दानी भइरहेको छ", उहाँले भन्नुभयो। दश किलोमिटर टाढा चुरे क्षेत्रबाट दैनिक पात ल्याउने गरेको भन्दै पात टिप्न तीन परिवारका छ जनालाई अस्थायी रुपमा रोजगारी पनि दिएको उहाँले जानकारी दिनुभयो।

पात टिप्ने परिवारले प्रतिकिलोको रु ४० लिने गर्नुभएको छ। "गाँसेको पातको प्रतिथान रु दुई दिन्छु। टपरी बनाएर बेच्दा सबै खर्च कटाएर रु एकदेखि रु दुईसम्म नाफा हुन्छ", महतोले भन्नुभयो। तयारी टपरी प्रतिथान रु पाँच, भोज खाने पात प्रतिथान रु तीन र दुना प्रतिथान रु तीनमा बिक्री हुने उहाँले जानकारी दिनुभयो।

महतोसँगै गाउँका अन्य क्याम्पस पढ्ने चारजना युवाले पनि अध्ययनसँगै फुर्सदको समयमा उक्त कामलाई निरन्तरता दिँदै आएका छन्। उहाँले भन्नुभयो, "उहाँहरु क्याम्पसबाट आएपछि फुर्सदमा काम गरेर पढाइ खर्च आफैँलै जोहो गर्नुहुन्छ।" दैनिक दुई/तीन घण्टा काम गरेर रु ५०० सम्म आम्दानी हुने गरेको स्थानीय मनिषाकुमारी शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "फुर्सदमा आएर काम गर्छु। यसबाट आएको पैसाले आफूलाई कलेज पढ्न चाहिने खर्च, स्टेसनरी, खाजा, भाडा पुगेको छ।"

उद्योगमा तयार भएका दुनाटपरी जिल्लाको हरिवन, बरहथवा, लालबन्दी, वयलवास, नयाँरोडलगायत बजारसम्म पुर्‍याउने गरेको उहाँले उल्लेख गर्नुभयो। ग्राहकको मागअनुसार पात तथा तयारी दुनाटपरी दैनिक एकपटक बजारसम्म पुर्‍याउने गरेको शर्माले बताउनुभयो। आर्थिक रुपमा विपन्न परिवारका महतो सानैदेखि मिहिनेती रहेका छरछिमेकी बताउँछन्। खेतबारी कम भएकाले आम्दानीको विकल्पका रुपमा दुनाटपरी बनाउन थालेको बताउँदै महतोले थोरै लगानीबाट पनि बढी मुनाफा लिन सकिने धारण राख्नुभयो।

"पाँचजना दिदीहरुको विवाह गर्दा लागेको ऋण तिर्न बाँकी छ, बुबाआमा काम गर्न सक्नु हुँदैन। सुरुमा ज्याला मजदुरी, घर बनाउने ठाउँमा इँटा बोक्ने, प्लास्टर गर्नेलगायत काम गरेँ। हातमा सङ्क्रमण भएपछि ती काम छोडेर यसलाई निरन्तरता दिन थालेको हुँ", उहाँले भन्नुभयो। हरिवन-४ का वडाध्यक्ष केशवराज थापाले नगरपालिकाले युवालाई उद्यममा प्रोत्साहन गर्न तालिम आयोजना गर्न लागेको जानकारी दिएपछि आफूसहित पाँचजना मिलेर दुनाटपरी बनाउने तालिममा सहभागी भएका बताउँदै महतोले तालिम सात दिनसम्म सञ्चालन भएको जानकारी दिनुभयो। तालिमपश्चात् वडा कार्यालयले रु दुई लाख ४० हजार अनुदान दिएपछि दुनाटपरी बनाउने उपकरण (मेसिन) खरिद गरी उद्योग दर्ता गरिएको उहाँको भनाइ छ।

बजारमा प्रतिस्पर्धा बढिरहेको भन्दै महतोले प्लास्टिक र कागजका सामग्रीसँग आफूहरुले पातका सामग्रीले प्रतिस्पर्धा गर्नुपरेको उल्लेख गर्नुभयो। यस्ता साना घरेलु उद्योगलाई स्थानीय सरकार र विभिन्न सङ्घसंस्थाले सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। "विभिन्न कार्यक्रम गर्दा उहाँहरुले प्रयोग गर्ने प्लास्टिकका प्लेट, कचौरालगायत सामग्रीको साटो प्राकृतिक पातबाट बनेका दुना टपरी प्रयोग गरिदिन अनुरोध गर्दछौँ", महतोले भन्नुभयो, "यसबाट वातावरण सफा हुने, युवा स्वरोजगार बन्ने तथा स्थानीय उत्पादनको प्रवर्द्धनसमेत हुने भएकाले सहयोगका लागि सबैलाई आग्रह गर्दछौँ।"

परिवारसँग छुट्टिएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्दै स्वदेशमा काम गर्ने वातावरण स्थानीय तहले बनाउनुपर्ने महतोको भनाइ छ। आगामी दिनमा आधुनिक र ठूला उपकरण ल्याएर व्यवस्थित उद्योग सञ्चालन गर्ने योजना रहेको उहाँले सुनाउनुभयो। यस्ता साना उद्योगमा बैङ्क तथा वित्तीय संस्थाले ऋण लगानी नगर्दा समस्या हुने गरेको उहाँको भनाइ छ। रासस

# 'एलडिसी'लाई सहयोग बढाउन जी-२० राष्ट्रहरूलाई परराष्ट्रमन्त्रीको आग्रह

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अतिकम विकसित मुलुकहरू (एलडिसी) का लागि सहयोगको मात्रा बढाउन जी-२० देशहरुलाई आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा सहभागी हुने सिलसिलामा न्युयोर्कमा रहनुभएकी जी(२० का विदेशमन्त्रीहरूको बुधबार भएको बैठकमा एलडिसीको अध्यक्षका हैसियतले उहाँले अल्पविकसित देशहरुलाई सहयोग गर्न आग्रह गर्नुभएको हो।

पछिल्लो समय विश्वका अतिकम विकसित देशहरु विविध समस्याबाट पिरोलिएका दृष्टान्त प्रस्तुत गर्दै मन्त्री देउवाले कोभिड-१९ महामारी, जलवायु परिवर्तनको असर, भूराजनैतिक तनावका कारण ती देश पीडित भएका बताउनुभएको उहाँको निजी सचिवालयले जनाएको छ।

"पछिल्लो दुई दशकमा अतिकम विकसित देशहरु चरम गरिबीतर्फ धकेलिएका छन्। एलडिसीहरुमा समावेशी आर्थिक वृद्धि, दिगो विकासका लक्ष्य हासिल गर्न तथा स्वास्थ्य सुरक्षालाई विश्वव्यापी रुपमा प्रवर्द्धन गर्न, जलवायु परिवर्तनको असर कम गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन, 'डिजिटल डिभाइड'कम गर्न र हामीले सामना गरिरहेका बहुआयामिक समस्या घटाउन जि(२० को सहयोग महत्वपूर्ण हुनेछ", परराष्ट्रमन्त्रीलाई उद्धृत गर्दै उहाँको निजी सचिवालयले जनाएको छ। जी(२० को अध्यक्ष ब्राजिलले सामाजिक समावेशीकरण, गरिबी निवारण र दिगो विकासमा केन्द्रित रहेर बैठकको आयोजना गरेकामा परराष्ट्रमन्त्रीले धन्यवाद ज्ञापन गर्नुभयो। ब्राजिलले भोकमरी र गरिबी घटाउन विश्वव्यापी अभियान सुरु गर्न लागेकामा त्यसको उहाँले स्वागत गर्नुभयो।

जी (२० मा एलडिसीका तर्फबाट प्रतिनिधित्व गर्ने औपचारिक संयन्त्र निर्माणको आग्रह परराष्ट्रमन्त्रीले गर्नुभयो। उहाँले हाल एलडिसीमा जलवायु परिवर्तनका कारण उत्पन्न समस्यालाई कम गर्न जी(२० कै नेतृत्वमा 'क्लाइमेट चेञ्ज फण्ड' स्थापना गर्न, एलडिसीका उत्पादनलाई कोटा निर्धारण गरी भन्सार छुटको व्यवस्थाका साथै ऋण मिनाहाका कार्यक्रम ल्याउन आग्रह गर्नुभयो।रासस

# दशैंको खुशीयाली डबल यसपाली दशै टु एक्स रिर्वाड अफर

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंक लिमिटेडले नेपालीहरुको महान ाड विजया दशमीको उपलक्ष्यमा आफना ग्राहकहरुको लागि विशेष योजना ल्याएको छ। यस दशै रिर्वाड अफर अन्तरगर्त बैंकका ग्राहकहरुले




असोज ११ गते देखि ३० गते सम्म गरिएको कार्ड वा मोवाईल बैंकिङ्ग कारोवारमा दुइ गुण बढि प्वाईन्ट प्राप्त गर्न सक्नेछन्।

बैंकले संचालनमा ल्याएको सिद्धार्थ रिवार्डस कार्यम अन्तरगत ग्राहक महानुभावहरुले सिद्धार्थ बैंकको कार्ड प्रयोग गरि गर्नुभएको खरिद र मोवाईल बैंकिङ्गबाट गर्नुभएको टपअपको आधारमा रिवार्डसमा समान्यतः प्राप्त हुने प्वाईन्टको दोब्बर प्वाइन्ट प्राप्त गर्न सकेन्छन्। यसरी आर्जन गरेको पोइन्टसलाई हवाई टिकट,होटल,पसल,उपहार कार्ड,विमा तथा इन्टरनेट विम पेमेन्ट आदि जस्ता विभिन्न सेवाहरु लिन भुक्तानीका लागि नगदको सटा प्रयोग गर्न सकिमने जनाइएको छ।

यस योजनाले ग्राहकको डिजिटल बैंकीङ्ग कारोवारलाई प्रोत्साहन गर्नुका साथै बैंकले आफनो डिजिटल रुपान्तरणको यात्रालाई पनि थप गति दिने लक्ष्य लिएको छ।

# धानबाली नकाट्न किसानलाई आग्रह

कञ्चनपुर । मौसममा आएको परिवर्तनका कारण बाढीजन्य जोखिमका घटना बढ्न सक्ने संभावनालाई मध्यजनगर गरी कञ्चनपुरका स्थानीय तहले सर्वसाधारणलाई सचेत पार्ने कार्य अगाडी बढाएका छन। बाढीको उच्च जोखिम रहेका क्षेत्रमा नगर प्रहरी परिचालन गरी सर्वसाधारणलाई सचेत पार्ने कार्य हुन थालेको हो।



जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाका अनुसार बंगालको खाडीबाट प्रवाह हुने जलवाष्फयुक्त हावाको प्रभावका कारण यही असोज १२ गते सम्म सामान्यदेखि भारी वर्षा हुने अनुमान सहितको सूचना जारी गरिए पछि स्थानीय तहहरुले नदी तटीय क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण,विपदमा खटिने विषयगत शाखाहरु,स्थानिय विपद व्यवस्थापन समिति, वडा कार्यालय, वडा व्यवस्थापन समिति, सामुदायिक विपद व्यवस्थापन समितिलाई सतर्क अवस्थामा राखेको छ।

वर्षाले विशेष गरी कृषिमा बढी प्रभाव पार्ने भएकाले सो अवधिमा धानबाली नकाट्नका लागि जानकारी दिन नगर प्रहरीलाई परिचालन गरिएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टले बताउनु भयो। "किसानको धानबालीमा वर्षाले प्रभाव पार्ने भएकाले सचेत गर्ने कार्य गरि रहेका छौं" उहाँले भन्नुभयो, "यो संगै थारु बाहुल्य क्षेत्रमा नदीनाला र पानी जम्मा हुने ठाउमा माछा मार्ने कार्य गरिने हुदा वर्षा भैरहेका बेला चटयाङ पर्ने संभावना हुने भएकाले त्यस बारे पनि सचेत पार्दै छौं।"

बाढी, डुवान र कटानको जोखिम देखिएमा सम्बन्धीत वडा कार्यालय, सुरक्षा निकायमा खवर गर्नका लागि आग्रह गरिएको उहाँले उल्लेख गर्नु भयो। भारी वर्षा भएमा बस्ती नजिक बाढी र डुवानको जोखिमलाई मध्यनजर गरी वडा कार्यालय र सम्बन्धीत सरोकारवालाहरुको समन्वयमा सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाईएको उहाँको भनाइ रहेको छ।

विपद्को समयमा जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, गर्भवती,बालबालिकाको विशेष ध्यान राख्नका लागि सर्वसाधारणमा आग्रह गरिएको अधिकृत बिष्टले बताउनु भयो। तत्काल खोज, उद्धार, प्राथमिक उपचार र राहतका लागि स्थानीय तहले आपतकालीन केन्द्रका सम्पर्क व्यक्ति र सुरक्षा निकायका सम्पर्क फोन नम्बरहरु जारी गरेका छन। बाढीजन्य जोखिमलाई मध्यनजर गरी भीमदत्त नगरपालिकाले नगर प्रहरी परिचालन गरी नदी तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहनका लागि आग्रह गर्ने कार्य शुरुआत गरेको छ।रासस

# अमेरिकी डलर घट्दा युरोको मूल्य बढ्यो

काठमाण्डु । नेपाल राष्ट्र बैंकले विहिबारका लागि तोकेको विदेशी मुद्रा सहटी दरअनुसार अमेरिकी डलर र पाउण्ड स्ट्रलिङको मूल्य घटेको छ भने युरोको मूल्य बढेको छ। बुधबार अमेरिकी डलर एकको खरिददर एक सय ३३ रुपैयाँ ५८ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ १८ पैसा रहेको थियो। विहिबार अमेरिकी डलर एकको खरिददर रु एक सय ३३ रुपैयाँ ४६ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ छ पैसा रहेको छ।



विहिबारको विनिमयदरअनुसार युरोपियन युरोको मूल्य बढेको छ। युरो विहिबार एकको खरिददर एक सय ४९ रुपैयाँ २७ पैसा र बिक्रीदर एक सय ४९ रुपैयाँ ९४ पैसा कायम भएको छ। बुधबार नेपाली बजारमा युरो एकको खरिददर एक सय ४८ रुपैयाँ ६१ पैसा र बिक्रीदर एक सय ४९ रुपैयाँ २८ पैसा थियो।

युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७८ रुपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ७९ रुपैयाँ ३२ पैसा रहेकामा आज घटेर खरिददर एक सय ७८ रुपैयाँ ४३ पैसा र बिक्रीदर एक सय ७९ रुपैयाँ २३ पैसा कायम भएको छ।यस्तै, विहिबारका लागि अस्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ७२ पैसा र बिक्रीदर ९२ रुपैयाँ १३ पैसा तय भएको छ। बुधवार अस्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ४४ पैसा र बिक्रीदर ९१ रुपैयाँ ८५ पैसा थियो।

स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५७ रुपैयाँ आठ पैसा र बिक्रीदर एक सय ५७ रुपैयाँ ७८ पैसा रहेको छ भने क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ३० पैसा र बिक्रीदर ९९ रुपैयाँ ७५ पैसा तोकिएको छ।जापानी येन १० को खरिददर नौ रुपैयाँ २४ पैसा र बिक्रीदर नौ रुपैयाँ २८ पैसा कायम हुँदा चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९९ पैसा र बिक्रीदर १९ रुपैयाँ आठ पैसा छ। सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ८५ पैसा र बिक्रीदर एक सय चार रुपैयाँ ३२ पैसा रहेको छ।

साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ५७ पैसा र बिक्रीदर ३५ रुपैयाँ ७३ पैसा रहेको छ। यस्तै, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७८ पैसा कायम भएको छ।विहिबारको विनियमयदरअनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ आठ पैसा र बिक्रीदर चार रुपैयाँ १० पैसा रहेको छ। युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३२ रुपैयाँ ४५ पैसा रहेको छ।

साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ दुई पैसा र बिक्रीदर १० रुपैयाँ छ पैसा रहेको छ। यसैगरी, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ १९ पैसा र बिक्रीदर १३ रुपैयाँ ३५ पैसा तय हुँदा डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ दुई पैसा र बिक्रीदर २० रुपैयाँ ११ पैसा छ। हङकङ डलर एकको खरिददर १७ रुपैयाँ १४ पैसा र बिक्रीदर १७ रुपैयाँ २२ पैसामा कारोबार हुनेछ।

ाविहिबारको विनिमयदरअनुसार कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ २४ पैसा र बिक्रीदर चार सय २९ रुपैयाँ २१ पैसा तथा बहराइन दिनार एकको खरिददर तीन सय ५४ रुपैयाँ आठ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ६७ पैसा कायम भएको छ। खुला बजारमा विदेशी मुद्राको विनिमयदर फरक हुनसक्ने राष्ट्र बैंकले जनाएको छ।रासस


## Madhesh Institute of Health Sciences (MIHS)

**Janakpurdham, Madhesh Province, Nepal**

## Call for Expression of Interest from Nepal-Based Educational Consultancy Firms

**First date of publication: 2024/09/27**

Madhesh Institute of Health Sciences, (MIHS) is an autonomous institution committed to excellence in Health Sciences, Medical Education and Research. The Madhesh Province-Parliament unanimously endorsed the "Madhesh Institute of Health Sciences Bill 2077" on 10th November 2020. The MIHS has been established with the objective of producing skilled human resources through high-level studies and research in the field of Health Sciences and providing quality healthcare services. The Medical Education Commission, Nepal has recently allocated 50 seats for MBBS Programme allowing to initiate MBBS course.

The MIHS has reserved 8% (Eight Percent)/ 4 seats for foreign nationals in MBBS Programme. For the aforementioned purpose MIHS hereby invites Expression of Interest from duly registered Consultancy Firms from Nepal to submit EOI within 7 days from the first date of publication of this notice specifying potential areas of co-operation towards the objectives mentioned above.

**For further details, please feel free to contact**

**Madhesh Institute of Health Sciences**

**Email: mihs@mihs.edu.np,**

**Phone No. +977 041-590867**

# मुख्यमन्त्रीलाई बेरूजु फछ्र्यौटका लागि निर्देशन

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेशको सार्वजनिक लेखा संसदीय समितिले मुख्यमन्त्री सतीशकुमार सिंहलाई सबै मन्त्रालयका बेरूजु फछ्र्यौट गराउन निर्देशन दिएको छ ।

लेखा समितिको बैठकमा बिहीबार मुख्यमन्त्री सिंहलाई बोलाएर बेरुजु फछ्र्यौट र नियन्त्रण सम्बन्धमा विशेष छलफल भएको लेखा समितिका सभापति मञ्जुकुमारी थापा मगरले जानकारी दिए ।

प्रदेश मन्त्रालयका सचिवलाई बोलाउँदासमेत लेखा समितिलाई नटेर्दा मुख्यमन्त्रीलाई नै बोलाउनु परेको सभापति थापाले बताइन् ।

उनले मधेश प्रदेश सरकारले सधैं बेरुजु गर्ने गरे पनि मन्त्रालयका सचिवलाई कहिल्यै पनि बेरुजु न्यूनका लागि केही पनि नभन्दा प्रत्येक वर्ष बेरुजु हुनु दुःखद रहेको बताइन् ।

उनले भनिन्, 'एकै किसिमको सैद्धान्तिक बेरूजु हरेक वर्ष दोहोरिएकोले सरकारलाई गम्भीर हुन आग्रह गऱ्यो,' उनले अघि थप्दैं भनिन्, 'मधेश प्रदेशमा खर्च कम हुने गरेको र चालु आर्थिक वर्षका योजनाहरू पनि हालसम्म कार्यान्वयनमा नगएको विषयमा मुख्यमन्त्रीसँग समितिले चासो राख्यो ।'

लेखा समितिका सदस्य उपेन्द्र महतोले समिति बैठकमा सम्बन्धित मन्त्रालयहरूका सचिवलगायत कर्मचारी बोलाउँदा गैरजिम्मेवार जवाफ दिने गरेको र सचिवहरुले आफू नयाँ रहेको भन्दै जिम्मेवारीबाट पन्छिन खोजिएकोले सचिवहरुलाई जिम्मेवार बनाउन मुख्यमन्त्रीलाई सुझाव दिइएको सांसद महतोले बताए ।

जवाफमा मुख्यमन्त्री सिंहले सबै सचिवलाई बोलाए बेरूजु फर्स्र्योट गर्ने निर्देशन दिने प्रतिबद्धता जनाएको महतोले बताए ।

उनले बेरुजु सम्बन्धमा सचिवलाई ताकेता गरे पनि प्रगति नभए पछि मुख्यमन्त्री सिंहलाई नै बोलाएर बेरुजु नियन्त्रणतर्फ गम्भीर हुन आग्रह गरेको प्रस्ट्याए ।

उनले भने, ' सैद्धान्तिक बेरुजु, प्रमाण पेस गर्नुपर्ने बेरुजु र असुल उपर गर्नुपर्ने बेरुजु गरी कुल ६ अर्ब २४ करोड ५२ लाख ४० हजार बेरुजु रहेको बताए । सो मध्ये ५२ करोड ५४ लाख २४ हजार रुपैयाँ असुल उपर गर्नुपर्ने बेरुजु बाँकी रहेको प्रति उनले चिन्ता व्यक्त गरे ।

# मधेश नै देशको लाइफ लाइन

टुडे समाचारदाता



जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले दशैं अगावै देशभरका सबै सडकलाई खाल्टाखुल्टी नरहने बताएका छन् । संघीय सरकार मातहत रहेका पूर्वपश्चिम लोकमार्ग लगायतका सबै सडकलाई एक साताभित्र खाल्टाखुल्टी रहित बनाइसक्ने दाबी उनले गरे ।

उनले देशभरि करिब पाँच हजार किलोमिटर सडक मर्मतको क्रममा रहेको जानकारी गराए । मन्त्री दाहालले चाडपर्वमा सडक दुर्घटनाका कारण मानवीय क्षति नहोस् भनेर दशैं अगावै सडकका सबै खाल्टाखुल्टी पुर्ने लक्ष्य रहेको बताए ।

"दशैं, तिहार र छठ जस्ता चाडपर्व नजिकिएको छ । चाडपर्वमा सवारी आवागमन चाप बढ्ने भएकाले सडकलाई खाल्टाखुल्टी नरहने गरी काम भइरहेको छ । त्यसमा हाम्रो जिम्मामा रहेका जति पनि सडकहरू छन्, त्यसको मर्मत सम्भार पहिलो प्राथमिकता राखेका छौं ।," उनले भने, "निर्माणाधीन सडकहरूको सन्दर्भमा ठेक्का पाएका निर्माण कम्पनीलाई बाटो सहज बनाउन निर्देशनसमेत गरिएको छ । त्यसमा सञ्चारकर्मीले पनि सकारात्मक कोणबाट सडकको अवस्थाबारे औंल्याएदिए सहयोग पुग्ने छ ।"

मधेशको प्रसंग जोड्दै मन्त्री दाहालले मधेश समृद्ध नहुञ्जेसम्म मुलुक समृद्ध हुन नसक्ने बताए । देशको समृद्धि मधेशसँग जोडिएका बताउँदै उनले भने, "मधेशमा ठुलो संख्यामा जनताको बसोबास छ । यहाँको जनताको समृद्धि नै नेपालको समृद्धि जोडिएको विषय हो । त्यस कारण मधेशलाई व्यवस्थित बनाउनका लागि थुप्रै योजनाका कामहरू भइरहेको छ ।" हुलाकी राजमार्ग र रेल सेवा बिस्तारको काम भइरहेको उनको भनाइ छ ।

रेलमार्ग विस्तार र हुलाकी राजमार्गमा केही अवरोध र समस्यादेखि देखिएको उल्लेख गर्नुहुँदै मन्त्री दाहालले धनुषाको कमला नदीको पुलको अवलोकन गरी समस्या समाधानका उपाय खोजिने बताए ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री दाहालले मधेश देशको नै लाइफ लाइन रहेकाले वर्तमान सरकार देशको विकास र समृद्धिका लागि मधेशलाई प्राथमिकतामा राखेको बताए ।

उनले जनसंख्या र उत्पादनको दृष्टिकोणले अब्बल रहेको मधेशका लागि वर्तमान सरकारले विभिन्न खालका मधेश केन्द्रित कार्यक्रम ल्याउन लागेको बताए । उनले त्यसका लागि स्थानीय जनप्रतिनिधिहरूसँग छलफल गर्ने र छलफलकै आधारमा सरकारले आफ्ना मधेश केन्द्रित कार्यक्रम तय गर्ने जानकारी गराए ।

उनले मधेश सरकार पुरानै सरकारले ल्याएको बजेटलाई कार्यान्वयन गर्ने चरणमा रहेको भन्दै हुलाकी राजमार्गको साथै मधेशका उतर-दक्षिण जोडने बाटोलाई प्राथमिकतामा राखेको बताए ।

# बलात्कार आरोपमा दुई जना नगर प्रहरी पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिकाका दुई जना नगर प्रहरीलाई बलात्कारको आरोपमा पक्राउ परेका छन् ।

जनकपुरधाममा बुधबार दिउँसो घरमै गएर १७ वर्षीया एक किशोरीलाई दुई जना नगर प्रहरीले बलात्कार गरेको भन्दै जानकारी पाए लगतै प्रहरीले दुबैलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १२ का बब्लु महतो र वडा नम्बर १७ घर भएका बिजेन्द्र राउत छन् ।

बिजेन्द्रलाई ड्युटीमै खटिएका बेला उपमहानगरको कार्यालय र बब्लुलाई घरबाट जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेको थियो ।

धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जाहेरी आउन बाँकी रहे पनि कसरी घटना भएको लगायतका कुरा अनुसन्धान हुन बाँकी रहेको बताए ।

# सोनमा गाउँपालिका अध्यक्षको निर्देशनमा वडा कार्यालय बन्द

टुडे समाचारदाता



जलेश्वर । महोत्तरीको सोनामा गाउँपालिका अध्यक्ष विशेश्वरप्रसाद यादवको निर्देशनमा वडा कार्यालय बन्द गरिएको वडाअध्यक्षले आरोप लगाएका छन् । सोनमा गाउँपालिका वडा नम्बर ८ का कर्मचारी कार्यालय नै बन्द गरी असोज ३ गतेदेखि गाउँपालिकामा हाजिर गरिरहेका छन् ।

यता वडा कार्यालयमा भने सेवा लिन आउने सेवाग्राही सेवा नपाएको भन्दै गुनासो पोख्दै फर्किरहेका छन् । गाउँपालिकाका अध्यक्ष यादवले वडाका कर्मचारीलाई तालाबन्दी गरी पालिकामा आउन भनेर निर्देशन दिएपछि वडाको काम प्रभावित भएको वडाअध्यक्ष सुनिलकुमार सिंहले आरोप लगाएका छन् ।

संविधान दिवसको दिन सोनमा गाउँपालिकाले वडा नम्बर ८ का वासीलाई लत्ताकपडा वितरण गरे पनि आफूसँग अध्यक्षले समन्वय नगरेको सिंहले गुनासो गरे । सोही विषयलाई लिएर पालिका अध्यक्षसँग आफ्नो वडामा काम गर्दा समन्वय गरेर गर्नुस् भन्दा विवाद भएको र त्यसपछि गाउँपालिका अध्यक्षले वडा कार्यालय नै बन्द गरेको सिंहले बताए ।

असोज ३ गतेदेखि नै वडा सचिव धनिपत यादव, सहायक नरेश पासवान र सहयोगी नरेन्द्र सिंह कार्यालयमा हाजिर भएका छैनन् । गाउँपालिका अध्यक्ष यादवले वडा कार्यालय नै बन्द गरेर गाउँपालिकामा बस्नु भनेकाले आफूहरु कार्यालयमा उपस्थित नभएको सहायक नरेश पासवानले बताए । पासवानले भने, 'गाउँपालिका अध्यक्षले भनेको छ, हाम्रो छलफलपछि के निर्णय हुन्छ, अनि मात्रै वडामा जानु, त्यसकारण वडामा गएको छैन ।'

वडा सचिव महतोले भने वडा अध्यक्षले कर्मचारीसित वडाको साँचो खोसेकाले आफूहरु गाउँपालिकामा निवेदन दिएर कार्यालय नगएको बताए। वडाको साँचो कर्मचारीसँग रहनुपर्ने र अन्यथा केही सामान हराएमा कर्मचारी जवाफदेही हुन नसक्ने भन्दै पालिकामा निवेदन दिएकाले अहिले पालिकामा आफूहरुले हाजिर गरिरहेको यादवले बताए ।

गाउँपालिकाका अध्यक्ष भने वडा कार्यालय संचालन गर्न अझै केही दिन लाग्ने बताउँछन् । आफ्नो र वडाअध्यक्षको बीचमा कुनै भनाभन वा अन्य कारण वडा कार्यालय बन्द भएको नभई वडाअध्यक्ष सिंहले नै वडा कार्यालय बन्द गरेको पालिका अध्यक्ष यादवले बताए । वडामा कपडा वितरण गर्दा वडाअध्यक्षलाई पनि आमन्त्रण गरे पनि वडाअध्यक्ष सिंह कार्यक्रममा नगएर वडा सचिवसँग विवाद गरेकाले वडाका कर्मचारी कार्यालयमा जान नमानेको उनले बताए ।

सेवाग्राहीको काम प्रभावित भएको भन्दै तत्काल समन्वय गर्न प्रशासकीय प्रमुखलाई आफूले आग्रह गरेको भए पनि काम विशेषले अहिले पालिकामा नरहेका कारण छलफल हुन नसकेको पालिका प्रमुख यादवले बताए ।

तर जिल्ला समन्वय समितिले भने कुनै पनि बहानामा वडा कार्यालय बन्द गर्न नमिल्ने जनाएको छ । कुनै पनि बहानामा वडाबाट जनताले पाउने काममा अवरोध गर्न नपाइने जिल्ला समन्वय समिति महोत्तरीका सभापति सुमनलाल कर्णले बताए ।

# वृत्ति विकासको समान अवसर प्रदान गर्न कर्मचारीको माग

टुडे समाचारदाता



जनकपुरधाम । मधेस प्रदेश प्रशासन सेवा, लेखा समूहका कर्मचारीहरूले वृत्ति विकासमा समान अवसर प्रदानका लागि अवसर माग गरेका छन् । मधेश प्रदेशको अर्थ मन्त्रालयका सचिव सुवाष चन्द्र शिवाकोटीलाई ज्ञापनपत्र बुझाउँदै उनीहरूले यस्तो माग गरेका छन् ।

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार लेखा समूहमा समायोजन भई कार्य गर्दै आएका कर्मचारीहरू भन्दा पछाडि नियुक्ति भएका सामान्य प्रशासन समूह र अन्य सेवा समूहका कर्मचारीहरू नवौं तहमा बढुवा भइसकेका छन् । तर लेखा समूहका कर्मचारीहरू ज्येष्ठ भए पनि कनिष्ठ कर्मचारीहरूले वृत्ति विकासको अवसर पाउँदा लेखा समूहको वृत्ति विकास अन्योलमा रहेको भन्दै वृत्ति विकासले आफूहरूको मनोबल गिराएको लेखा अधिकृत जितेन्द्रप्रसाद यादवले बताए ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मधेश प्रदेश प्रशासन सेवा, लेखा समूहमा समायोजन भइ उनीहरूले निरन्तर कार्य गर्दै आइरहेका छन् । मधेश प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रशासन सेवा अन्तर्गत सामान्य प्रशासन, राजश्व र लेखा गरी तीन समूह रहेका छन् ।

नियमावली, २०५९ बमोजिम प्रशासन सेवा लेखा समूहका कर्मचारीहरूलाई सहायकस्तर चौथो, सहायकस्तर पाँचौं, अधिकृतस्तर छैठौं, सातौं, आठौं र नवौं गरी ६ वटा तहमा विभाजन गरिएको छ ।

लेखा समूहका कर्मचारीका लागि अधिकृतस्तर नवौं तहमा एक मात्र दरबन्दी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ । सो पदमा मधेश प्रदेश लोकसेवा आयोगबाट हालसम्म पदपूर्ति भएको छैन । कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा (४) मा प्रशासन सेवा नवौं तह र सो भन्दा माथिल्लो तहमा कुनै पनि समूह तथा उपसमूह नरहेकोले मधेस प्रदेशमा पनि सोही बमोजिम व्यवस्था गर्न उनीहरूको माग छ । उक्त मागलाई बेवास्ता गरिएमा अन्य दबाबमूलक कार्यक्रमहरू चरणबद्ध रूपमा गर्दै जाने उनले चेतावनीसमेत दिएका छन् ।

सो ज्ञापनपत्र नेपाल निजामती कर्मचारी युनियन, मधेश प्रदेश, नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश, मधेशी निजामती कर्मचारी मञ्च, मधेश प्रदेश र राष्ट्रिय कर्मचारी संगठन, मधेश प्रदेशलाई पनि बोधार्थ गरेको छ ।

सो ज्ञापनपत्र बुझाउनेमा लेखा अधिकृतहरु यादव, अमरदीप महतो, पुरुषोत्तम मिश्र, विजय चौधरी, लेखापालहरु सुशील यादव, अमर भुजेल, रामनरेश साह, फणिन्द्र ढुंगेलगायतका थिए ।

# सप्तकोशीमा बस खस्यो, सबै यात्रु सकुशल




टुडे समाचारदाता

राजविराज । विराटनगरबाट गाइघाट जाँदै गरेको यात्रुबाहक बस सप्तकोशी नदीमा खसेको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत कोशी ब्यारेजको पुलको सप्तरी तर्फको क्षेत्रबाट को १ ख ४६०१ नम्बरको बस बिहीबार साँझ खसेको सप्तरी प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाए अनुसार बसमा रहेका सबै २० जना यात्रु सकुशल रहेको जनाइएको छ । तत्कालै प्रहरीले उनीहरुलाई उद्धार गरिएको थियो ।

सो बस विराटनगरबाट उदयपुरको गाइघाट जाँदै गरेको थियो । यात्रुवाहक बस आफैं अनियन्त्रित भएर पुलको बार भत्काउँदै नदीमा खसेको सप्तरी प्रहरीले जनाएको छ । चालक इलाका प्रहरी कार्यालय भारदहको नियन्त्रणमा रहेको छ ।

# श्रीमतीको हत्या र बुवा घाइते बनाइ फरार

टुडे समाचारदाता



मलंगवा । सर्लाहीको हरिपूर्वा नगरपालिकामा एक युवकले गोली प्रहार गरी श्रीमतीको हत्या गरेका छन् ।

जिल्लाको हरिपूर्वा- ५ मा वैदेशिक रोजगारीबाट घर आएको एक महिनापछि उनले श्रीमतिलाई गोली प्रहार गरी हत्या गरेका छन् भने बुवालाई समेत गोली प्रहार घाइते भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

अर्का एक जना साथीसँगै बुधबार राति पौने २ बजेतर्फ मोटरसाइकल चढेर आएका हरिपूर्वा नगरपालिका- ५ का धीरेन्द्र यादवले श्रीमती २३ वर्षीया चित्रलेखा यादवको हत्या गरेका छन् । सँगै आएका साथीले मोटरसाइकल रोकेर बाटोमा बसेका थिए । भने धीरेन्द्रले घरभित्र प्रवेश गरी श्रीमती चित्रलेखा र बुवालाई गोली प्रहार थिए ।

टाउकोमा दुई राउण्ड गोली प्रहार भएको चित्रलेखाको तत्कालै मृत्यु भएको थियो । गोली लागेर धीरेन्द्रका बुवा ५४ वर्षीय रामदिनेश राय घाइते छन् ।

रायको प्रादेशिक अस्पताल मलंगवामा उपचार चलिरहेको छ । गोली प्रहार गर्ने धीरेन्द्र साथीसँगै मोटरसाइकल चढेर फरार भएका छन् । सर्लाही प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले धीरेन्द्र र उनीसँगै मोटरसाइकलमा आएका व्यक्तिको खोजी भइरहेको जानकारी दिए ।

उनका अनुसार घटनामा सानो हतियार (पेस्तोल) प्रयोग भएको प्रारम्भिक अनुसन्धानमा देखिन्छ । प्रहरीले घटनास्थलमा प्रयोग भएको दुई राउण्ड गोलीको खोका र एक राउण्ड मिस फायर भएको गोली बरामद भएको छ । तर हतियार फेला नपरेको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए ।

स्थानीयले श्रीमती र बुवालाई गोली प्रहार गर्ने धीरेन्द्र एक महिनाअघि वैदेशिक रोजगारीबाट घर फर्किएका थिए । घरायसी विवाद भएपछि उनी घरमा नबस्ने गरेको बुझिएको छ ।

बुधवार राति भने एक्कासी हतियारसहित घरमा आएर श्रीमती र बुवामाथि गोली प्रहार गरेका छन् । प्रहरी नायब उपरीक्षक श्रेष्ठले घरायसी विवादका कारण घटना भएको बताए ।

घटनास्थलको अनुसन्धानपछि मृतक चित्रलेखा यादवको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ ।

**मोबाइलको लतबाट बालबालिकालाई बचाऔं**

**मोबाइलको लतबाटः**

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८